# अध्याय : एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालका मानिसहरू परम्परागत पेसा, धर्म, भाषा, आदिका आधारमा विभाजित छन् । प्रत्येक समाजका विशेषतामा विभिन्नता र असमानता नै मुख्य रूपमा आउँदछन् । मुख्य गरी यहाँका जातिलाई इन्डोआर्यन र तिब्बती वर्मन भनिन्छ । नेपालको हिमाली भागमा शेर्पा, लामा, जसलाई हामी भोटे भनेर चिन्दछौं उनीहरूको बसोबास छ । यिनीहरूको मुख्य पेसा पशुपालन हो । पहाडी प्रदेश हिमाल र महाभारत श्रृंखलाको बीचमा पर्दछ । यहाँ मुख्य गरी ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, तामाङ्ग, राई, लिम्बु, माझी, वोटे, नेवारहरूको साथै पेसागत जाति दमाई, कामी, सार्की, सुनार बस्दछन् । अर्को भाग तराई हो यहाँका मानिसहरू भारतका मानिससँग मिल्दाजुल्दा हुन्छन् । यस भागमा मुख्य गरी राजपुत, थारु, राजवंशी, माझी, सतार, धिमाल, माझी, वोटे, मुस्लिम जस्ता जातिहरू बसोबास गर्दछन् । नेपालको जनगणना २०५८ अनुसार नेपालमा १०१ भन्दा बढी जातिय समुदायहरू छन् । (सि.वि.एस २००४)

जात जातिहरूलाई विभिन्न समयमा विभाजन गरेको पाइन्छ । श्री ५ वडामहाराजधिराज पृथ्वी नारायण शाहले चार जात छत्तीस वर्ण फूलबारीको संज्ञा दिए भने १८३४ को मूलुकी एनेले तागाधारी र मतवाली भनेर छुट्याएको पाइन्छ ।

सन् १९९१ मा गरिएको जनगणनमा सामाजिक श्रेणीको आधारमा जाति र प्रजातिको विभाजन गर्न सकिन्छ । समाजिक श्रेणी अर्न्तगत हिन्दु जाति होस् वा बाहिर यसै सामाजिक श्रेणी अर्न्तगत वोटेलाई जनजातिय समूहमा राखिएको छ । नेपालमा मुख्य गरी स्याङ्गजा, पाल्पा, गुल्मी, तनहुँ, चितवन, नवलपरासी, सर्लाही र गोर्खामा बसोबास गरेको पाइन्छ । थोरै थोरै समूह देशका अन्य स्थानमा पनि रहेको पाइएको छ । सुर्खेत लेखफर्सा गा.वि.स. मा वोटेहरूको २० घर धुरी रहेको छ ।

विभिन्न अध्ययन अनुसन्धानबाट वोटे जाति एक जनजाति हो भनी प्रमाणित भै सकेको छ । नेपाल सरकारको तथ्याङ्क अनुसार ५९ जनजाति मध्ये वोटेजाति पनि एक पर्दछ । नेपाललाई जातिय बनोटको आधारमा हेर्दा कुन जातिको सङ्ख्या कति छ भन्ने कुरा पत्ता लगाउन आवश्यक देखिन्छ । नेपालको कुल जनसङ्ख्या २,३१,५१,४२३ रहेको छ । जसमा महिला सङ्ख्या १,१५,८७,५०२ (५०.०४ %) र पुरुष सङ्ख्या १,१५,६३,९२१ (४९.९६%) रहेको छ । जनघनत्व प्रति वर्ग कि.मी. १५७ जना पर्न आउँछ । घरपरिवार सङ्ख्या ४२,५३,२२० रहेको छ । औषत परिवार सङ्ख्या ५.४४ छ । जातजातिको आधारमा नेपालको जनसङ्ख्या विवरणलाई हेर्ने हो भने बहुजाति, बहुभाषी र बहुधार्मिक देश हो । जातिय

बनोटको आधारमा क्षेत्री १५.८० प्रतिशत, बाहुन १२.७४ प्रतिशत, मगर ७.१४ प्रतिशत, थारु ६.७५ प्रतिशत, तामाङ्ग ५.६४ प्रतिशत, नेवार ५.६४ प्रतिशत, मुशलमान ४.२७ प्रतिशत, कामी ३.९४ प्रतिशत, यादव ३.९४ प्रतिशत, राई २.७९ प्रतिशत, गुरुङ २.३९ प्रतिशत, दमाई १.७२ प्रतिशत, लिम्बु १.३४ प्रतिशत, चमार/हरिजन १.१९ प्रतिशत, कोइरी १.११ प्रतिशत, वोटे ०.०४ प्रतिशत अन्य जातिका १० प्रतिशत बसोबास रहेको छ । (सि.वि.एस २००४)

सुर्खेत जिल्लाको कुलजनसङ्ख्या २८८५५२७ छ । जसमध्ये महिला १४६,३१२ (५०.७०%) र पुरुष १४२३१५ (४९.३०%) पर्दछ कुल घरपरिवार सङ्ख्या ५४०४७ र एक परिवारमा ५.२७ जना व्यक्ति पर्दछन् । जनघनत्व प्रति वर्ग कि.मी १३५ रहेको छ ।

जातिय आधारमा सुर्खेत जिल्लाको बनोटलाई हेर्दा यहाँ मुख्य गरी क्षेत्री २७.७ प्रतिशत, मगर २०.६ प्रतिशत, कामी १५.० प्रतिशत, बाहुन १२.३ प्रतिशत यी जातिको बाहुल्यता छ भने गुरुङ, दमाई, सार्की, नेवार, थारु, मुश्लीम, वोटे, माझी, कुमाल, बादी, तेली, ठकुरी अन्य नगन्ने मात्रा रहेको छ । अधिकांशले नेपाली भाषा बोल्न सक्छन् । वोटे जातिको जनसङ्ख्या निकै कम छ । त्यसैगरी माझीको जनसङ्ख्या पनि कम छ । वोटे र माझीको जनसङ्ख्या सुर्खेत जिल्लाको जनसङ्ख्या विवरण हेर्दा यिनीहरू लाई 'अन्य'मा राखिएको छ । वोटे जातिले सानो ठाउँ ओगटेको छ भने एकिन तथ्याङ्क (डाटा) देखिएको छैन । विशेष गरेर सुर्खेतका धेरै ठाउँमा स-साना क्षेत्रमा छरिएर रहेका छन् जसको अध्ययन राम्रो सँग हुन सकेको छैन ।

नेपालमा अधिराज्यमा वोटेहरूको कुल सङ्ख्या ७९६९ रहेको छ । वोटेहरू अधिराज्यका धेरै जिल्लामा छरिएर बसेका हुँदा यिनीहरूको मूल्यको कहाँ हो भनेर किटान गर्न सकिदैन । चितवनका कुसहर, तराइका माझी, पहाडका वोटे यी सबैको काम डुगा चलाउने नै भएकोले सबै एउटै जातजस्तै पनि लाग्दछन् तर त्यो होइन । यिनीहरू मूलतः मादी, सेती र कालिगण्डकी नदीको किनारमा बसोबास गर्दछन् । झट्ट हेर्दा यिनीहरू दनुवार, दरै र माझी जस्तै देखिन्छन् । कसैकसैले यिनीहरूको नाऊँ अग्रेजी भाषाका 'वोट' अर्थात डुँगा चलाउने हुँदा वोटे भनिएको अनुमान पनि गरेका छन् । यिनीहरूको अनुहार शारिरीक वनोट मंगोलियनहरूसँग मिल्दोजुल्दो देखिन्छ । (पाण्डेय, २०६३:७५)

माझी जाति नेपालका ६१ जनजातिमध्ये एउटा पछौटे र गरिबीको रेखामुनी रहेको जाति हो । यिनीहरूका बुढापाका र पढेलेखेकाहरूले आफूहरूलाई माझीको पुत्री मत्स्यगन्धाका सन्तान भएको बताउँछन् । यस जातिको आफ्नै भाषा छ । आफ्नै धर्म छ र आफ्नै संस्कृति छन् । यो जातिको बसोबास भएको क्षेत्र तराइको भित्री मधेस र नारायणी अञ्चलका प्रायः जसो सबै जिल्ला हो । यिनीहरू र थारु जातिमा लगभग सबै कुरा मिल्दछ । शारिरीक वनावट, खानापन, भेषभूषा, रहनसहन सबै थारुजातिसँग मिल्दोजुल्दो छ । पहाडमा

माझी भनिने यो जातिलाई तराई र भित्री मदेसमा वोटे र चितवनमा कुशहर भन्ने चलन छ। (पाण्डेय, २०६३:७५)

लेखफर्साका वोटे जातिको डुँगा चलाउने पेसालाई माझी भनेको हुँदा आफूहरूलाई माझी भन्दछन्। तर आफूहरू वोटे भएको दावी उनीहरूको रहेको छ। हाल भेरी नदीमा पुल र तुइन निर्माण भएकाले वोटेहरू डुँगा चलाउनबाट बंचित छन्। केही वोटेहरू भने तुइनबाट मानिसहरू र सामानहरू वारपार गराउने पेसामा रहेका छन्। सुर्खेत जिल्लामा भएका वोटेहरूलाई गणना अन्यमा राखिएको छ जसले गर्दा वोटे जातिको एकिन तथ्याङ्क पाउन सकिँदैन। सुर्खेत जिल्लामा वोटे सँग, पेसा, जाति वर्ण मिल्ने माझी जातिको पनि जनसङ्ख्या एकिन भेटिदैन यहाँ माझीको बारेमा कुनै कुनै जिल्लामा माझी र वोटे एउटैमा देखिएकोले माझीको तथ्याङ्क (डाटा) हेर्न खोजिएको हो। तर अन्यमा राखिएको भेटियो। यस अध्ययन क्षेत्रमा वोटेको २० घरधुरीमा १०० जना सङ्ख्या रहेका छन्।

### १.२ अध्ययनको समस्या

भेरी नदीको किनारमा बसोबास गरेका आम्दानीको प्रमुख श्रोतमा परम्परागत पेसा माछामार्ने, डुंगा चलाउने फलफूल-कन्दमूल जम्मागर्ने काम गर्दै आएका यस अध्ययन क्षेत्रका वोटे जाति नोकरी व्यापारमा अति कम र उद्योगमा शून्य देखिन्छन्। शिक्षाको महत्व र अवसरबाट पछाडी परेका यस क्षेत्रका वोटे जाति कम मात्रामा साक्षर छन्। वोटे जाति क्रमशः उसका मौलिकपनहरू, संस्कारहरू लोप हुँदै गएर परसंस्कृतिकरण तर्फ गैरहेका देखिन्छन्। यस क्षेत्रमा पुरानो आदिवासीका रूपमा रहेका वोटे जाति आफूसँग भएको जग्गा जमिन बेच्दै जीवनयापन गर्दै जाँदा हाल आएर केही वोटे सुकुम्वारी भएर ठाउँ छोडी अन्यन्त्र खोलाका किनारमा बसोबास गर्न पुगेको अवस्था छ। अर्को तर्फ अन्य वोटे जातिको पनि भूमि बेच्दै लालनपालन गर्दै जाने प्रक्रियाले भविष्यमा यस क्षेत्रमा वोटे जाति थिए रे भन्ने किंवदन्तीको रूपमा कहानीमा परिणत हुने छ।

परम्परागत रूपमा रहेका पेसा कृषि मात्र नभै यस क्षेत्रका वोटे जातिको माछामार्ने, डुगां चलाउने पेसापनि हराउँदै गएको देखिन्छ। भेरी नदीमा माछा कम हुनु, माछा मार्ने सीप र साधनको कमी देखिन्छ। भेरी नदीमा झोलुगे पुल र तुइन निर्माणले डुंगा चलाउने पेसा हराएर केही वोटे जाति भेरी नदीमा तुइन तारी जीवन यापन गरिरहेका देखिन्छन्।

जमिनको आकार र उत्पादन घट्दै गएको छ। वर्षको ६ महिना सम्मपनि केही घरपरिवारलाई मात्र खान पुग्छ, धेरैलाई पुग्दैन। तसर्थ अन्य पेसा अपनाउनु पर्ने अवस्थाले गर्दा यहाँको वोटे जाति स्थानिय स्तरमा र भारत तर्फ ज्याला मजदुर गर्न गैरहेको अवस्था देखिन्छ। यस क्षेत्रका वोटे जातिले बिक्री गरेका भूमिमा समेत थप अन्य जातिहरू वा समुदायको बसोबास बढिरहेको अवस्था छ। वोटे जातिले आफ्नो संस्कृति क्रमिक रूपमा गुमाउँदै गएको देखिन्छ। जसको कारणले आउँदो पिढीलाई वोटे जनजातिको सामाजिक

संस्कार, सांस्कृतिक रहन सहनको ज्ञान दिलाउने हेतुले यो विषयमा केही हदसम्म भएपनि अध्ययन गर्नुपर्ने देखिन्छ ।

यस अध्ययनको ध्येय निम्न प्रश्नहरूको उत्तर सँग सम्बन्धित छ :-

यस जातिको सामाजिक, साँस्कृतिक, शैक्षिक, धार्मिक राजनीतिक आर्थिक अवस्था कस्तो छ ?

उनीहरूको सामाजिक जीवनमा के-कस्ता परिवर्तन आइराखेका छन् ?

उनीहरूको परम्परागत पेसामा परिवर्तन आइराखेका छन् भने त्यसका कारण के हो ?

## १.३ अध्ययनको उद्देश्य

देशभरी छरिएर रहेका वोटेजातिहरूको पनि अध्ययन हुन नसकेको कारणले वोटेहरूको जनजीवन र संस्कृतिको अन्वेषण गर्नु यस अध्ययनको मूल उद्देश्य हो । यस मुल उद्देश्य पूर्ति हेतु निम्न विशिष्ट उद्देश्यहरू रहेर अध्ययन गरिएको छ ।

(क) लेखफर्साका वोटे जातिको वर्तमान सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई उल्लेख गर्ने ।

(ख) परम्परागत मान्यता र पेसागत परिस्थितीमा देखा परेका परिवर्तनको अध्ययन गर्ने ।

(ग) अध्ययन क्षेत्रका वोटेहरूले पुरानै पेसालाई निरन्तरता दिनु वा नदिनुका कारणहरू खोजी गर्ने ।

## १.४ अध्ययनको महत्व

अध्ययनको महत्वलाई तीनवटा पक्षबाट हेर्न सकिन्छ ।

(क) सैद्धान्तिक महत्व

(ख) व्यवहारिक महत्व

(ग) प्राज्ञिक महत्व ।

**(क) सैद्धान्तिक महत्व** : वोटे जनजातिको सामाजिक संस्कार संस्कृतिका पक्षमा अध्ययन गर्नले अन्य पहिचान भै सकेका वा बाँकी रहेको जनजातिहरको पनि वर्तमान अवस्थाको बारेमा अध्ययन गर्ने सैद्धान्तिक आधार हुन सक्छ । अन्य जातिको सैद्धान्तिक पक्षको खोजी गर्न सहयोग पुग्नेछ ।

**(ख) व्यवहारिक महत्व** : यस अध्ययनबाट वोटेहरूको सामाजिक सांस्कृतिक पक्ष र जीवन पद्धति बारे जानकारी हुन्छ । वोटे बारेमा बु‰न चाहने जोसुकैले पनि यस अध्ययनबाट लाभ लिन सक्दछन् । विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यसैलाई आधार बनाएर कार्यक्रमहरू अगाडि बढाउन सक्नेछन् ।

(ग) **प्राज्ञिक महत्व** : हरेक जातजाति आ-आफ्नै संस्कार, रितीरिवाज, चालचलन, भाषा रहेको हुन्छ । यदि यो नभएको खण्डमा अरूको स्वामीत्व स्विकार्नु पर्दछ । त्यसैले आफ्नो मौलिकपनलाई बचाइराख्नु हरेकको कर्तव्य हो । संस्कार संस्कृति हराउनु भनेको स्वाधिन नभएर पराधिन हुनु हो । त्यसकारण अल्पसंख्यक जातिको संस्कृती, धर्म, पेसा, रहनसहन क्रमशः परिवर्तित नै भविष्यमा लुप्त हुन जाने सम्भावना भएकोले त्यस्ता जातिय संस्कृतिको बारेमा समयमै अध्ययन गरिनु अति आवश्यक देखिन्छ । अल्पसंख्यक जाति वोटेको अध्ययन गर्न सहयोग पुग्दछ । समाजशास्त्र विषयको शैक्षिक उपाधिको अतिरिक्त विषयगत महत्व बढाउन मद्दत गर्दछ ।

## १.५ अध्ययनको संगठनः

यस शोधपत्रमा सात अध्यायहरू छन् । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको महत्व उल्लेख गरिएको छ । अध्याय दुईमा साहित्यहरूको समीक्षा उल्लेख गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिलाई समेटिएको छ । अध्याय चारमा अध्ययनको क्षेत्रको परिचय उल्लेख छ । अध्याय पाँचमा वोटे जातिको सामाजिक र सांस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । अध्यय छ मा आिर्थक अवस्था समेटिएको छ । अध्याय सातमा सारांश, मूख्य प्राप्ति र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई
# साहित्य समीक्षा

## २.१ वोटे जातिको उत्पत्ति र बसोबास

नेपालमा उन्नाइसौं शताब्दीको सुरूदेखि स्वदेशी तथा विदेशी मानव शास्त्रीहरूले विभिन्न जाति, जनजातिहरूका सामाजिक सांस्कृतिक पक्षहरू अध्ययन सुरुवात गरेको देखिन्छ । नेपालमा वोटे जनजातिको बारेमा धेरै थोरै लेखहरू पाइन्छन् । पाण्डेय, (२०६३:७५) ले “नेपालका जनजाति” पुस्तकमा बोटे जातिको मूलथलो, जनसंख्या, भाषा, भेषभूषा, जातथर र पेसा, विवधप्रथा चाडपर्व, मृत्यु संस्कार लेखेका छन् । वोटे जाति अधिराज्यका धेरै जिल्लामा छरिएर बसेका हुँदा यिनीहरूको मूलथलो कहाँ हो भनेर किटान गर्न सकिदैन । चितवनका कुसहर, तराईका माझी, पहाडका वोटे यी सबैको काम डुङ्गा चलाउने नै भएकाले सबै एउटै जातजस्तो पनि लाग्दछन् तर त्यो होइन । मूलतः मादी, सेती र कालीगण्डकी नदी किनारमा बसोबास गर्दछन् । यो जाति नदी किनारका छेउछाउमा र पहाडका बेसीहरूका बसी घट्वारे (घाटमा) जीवन व्यतीय गर्ने जाति हो ।

नेपालमा वोटे जाति विभिन्न स्थानमा छरिएर बसोबास गरेका छन् । विशेषतः नदी किनारमा रही डुंङ्गा चलाउने, माछा मार्ने, सुन धुने जस्ता पेसा अँगालेका छन् । यो जातिमा समय परिवर्तन सँगै सामाजिक सांस्कृतिक एवं पेसागत परिवर्तन आएको तथ्य नकार्न सकिन्न ।

आज सम्म यी जातिहरूको पुर्ख्यौली र आगमनको बारेमा कुनै प्रमाणित आधारहरू फेला परेको देखिदैन । भाषाशास्त्रीहरू आफ्नो भाषाको माध्ययमबाट वोटेहरूको उत्पत्ति भएको देखाउन खोजेका पाइन्छ । नेपाललाई भाषाको दृष्टिले ४ भागमा विभाजन गरिएको छ : (१) वोटेबर्मेली चिनियाँ भाषा परिवार (२) अष्ट्रेलिया भाषा परिवार (३) ब्रामेडेली भाषा परिवार र भारोपेली भाषा परिवार । यसलाई निम्न तालिकामा पाउन सकिन्छ ।

**तालिका नं.१ भाषा परिवार अन्तर्गत जाति**

| क.स. | भाषा परिवार | | | | | |
|---|---|---|---|---|---|---|
| (१) | वोटे बर्मेली भाषा परिवार | नेवारी | गुरूङ | तामाङ | मगर | शेर्पा |
| (२) | अष्ट्रेलिया भाषा परिवार | वोटे थारू | | लिम्बु | | |
| (३) | ब्रामेकेली भाषा परिवार | झागड | | | | |
| (४) | भारोपेली भाषा परिवार | नेपाली | मैथिली | | भोजपुरी | |

*स्रोतः ज्ञवाली : २०५० : १९*

तालिका नं. १ बाट के प्रष्ट हुन जान्छ भने वोटेहरू अष्ट्रेलिया भाषा परिवार अन्तर्गत पर्दछन् । वोटेहरूको सामाजिक संस्कार हिन्दु धर्म अनुसार पाइन्छ । तर शारीरिक बनौट हेर्दा होचाकाला थेप्चोनाक कसिला शरीरका देखिन्छन् । अति सुक्ष्म रूपले हेर्दा न त आर्य न त मंगोल जस्तो देखिन्छन् । शारीरिक, बनौटर र रहनसहनलाई मूल्याङ्कन गर्दा यिनीहरू परापूर्वकालमा अष्ट्रेलियाबाट पशुपालनको सिलसिलामा भारत हुँदै नेपालका जंगल पसेका हुन सक्ने अनुमान गर्न सकिन्छ । (स्रोत : पौडेल, २०५६ : २३)

वोटेहरू नेपालका आदिबासीहरू भएपनि यिनीहरू नेपालमा परापूर्व कालमा प्रवेश गरेको बुझिन्छन् । यिनीहरू पशुपालन युगमा भारतको बाटो हुँदै नेपालमा प्रवेश गरे । नेपालको प्रशस्त जंगल देखि आफ्नो पशुपालनको क्रममा नदीको छेउछाउमा नदेख्ने गरी बसाइँ-सराई गर्दै तराई देखि पहाडसम्म फैलिएका हुन सक्छ । (पौडेल, २०५६:२३)

वोटे जाति उत्तरबाट मंगोल र दक्षिणबाट आर्य आउनु पूर्व नै नेपाल प्रवेश गरी बेसी जंगलका र नदीका छेउछाउमा बसेको हुनसक्ने कुरा डोर बहादुर विष्टको "सबै जातको फूलबारी" मा केही व्याख्या गरेको पाइन्छ । नेपालका आदीकाल देखिका बासिन्दा मध्येका दनुवार माझी र दरै सबभन्दा नदेखिने गरी बसेका छन् । युग बिते अनेक थरिका मानिस आए, पौरख पराक्रमी देखाए, लडे र मरे । इतिहास र सभ्यताको श्रृजना गरे । तर हामी यो सबै देखि तर्स्यौ, आफ्नै जंगल खोलाको किनारको माछा र शिकार आदिले जीविका गऱ्यौं, न्यानो बगरमा खेती गऱ्यौं वर्षो पुस्ता बिते । न त हामीले संघर्ष गऱ्यौं, सरकारसँग केही माग्यौं । न आज नै यस्तो गर्न तरखरमा छौं । त्यसैले हामी नगन्य भयौं । (विष्ट, २०५५: ९९) । यसरी हेर्दा वोटे जाति पौराणिक कालदेखि नै नेपालमा बसोबास गर्दै आफ्नो परम्परागत छेउछाउ हुँदै तराइदेखि पहाडसम्म बसोबास गर्न पुगे । यिनीहरूको नजिकको जाति दनुवार, दरै र माझी रहेछन् भन्ने कुरा माथि नै प्रष्ट भएको छ ।

## २.२ वोटे जाति र उनीहरूको जनजीवन

वोटे नामाकरण कसरी भयो भन्ने सन्दर्भमा नेपाली भाषा र वोटे भाषामा पनि रूखलाई बोट भनिन्छ । वोटे जातिलाई बुझाउने वोटे शब्द त्यही बोट शब्दबाट बनेको हुन सक्दछ वा सम्भव छ । डुङ्गाका आविष्कार हुनु भन्दा पहिला मानिसले बोट अर्थात् रूखको माध्यमबाट नदीमा मानिस तार्ने व्यवसाय अँगाल्ने भएको कारण उक्त मानिसलाई वोटे नाम दिएको हुन सक्छ (शर्मा, २०४२:९) । कतिपय मानिसको स्थानले, कतिपयको काम र पेसाको आधारमा जात, थर छुट्टयाइने परम्परा अनुसार वोटे जातिको पनि कामको आधारमा जात राखिएको हुन सक्ने अनुमान गर्न सकिन्छ । जस्तै घाटमा बस्नेलाई 'घाटे' भनिए झैं । त्यस्तै अंग्रेजहरू नेपाल आउँदा नदीमा डुङ्गादेखि वारपार गर्ने क्रममा 'वोटे' भनी सम्बोधन गरी बोलाएको र त्यसरी वोटे रहन गएको हो की भन्ने अनुमान गर्न सकिन्छ । किनकी

अंग्रेजीमा डुङ्गालाई Boat भनिन्छ । वोटेहरूको नामाकरण गाउँ ठाउँ विशेषले फरक फरक भएको पाइए पनि उनीहरूको शारीरिक बनावट, पेशा, रहनसहन, भेषभूषा एकै खालका हुन्छन् । पहाडमा वोटे (माझी) जातिलाई तराई वा भित्रीमधेशमा वोटे र चितवनमा 'कुशहरी' भन्ने पनि चलन छ । त्यसैले चेपाङ्गहरूले भन्ने गरेको सीताजीको छोरा कुशहरीको सन्तान कुसुण्डा नभै यिनै 'कुशहरी' पनि हुन सक्ने देखिन्छ (विष्ट, २०५५: १०१) ।

वोटे जाति नेपालका आदिबासी हुन् भन्नेमा दुईमत छैन । खासगरी नेपाल चार वर्ण छत्तिस जातको फूलबारी हो भन्ने कथन अनुसार वोटेका थर बारेमा धेरै थोरै लेखिएको पाइन्छ । यिनीहको थर पनि पेसा र कामको आधारमा विभाजन गरिएको हुनसक्छ । वोटे वा माझीको थर विभाजनमा कछाडे, थारवोटे, मुसहरबोट, कुसहरवोटे र सुनधुवा भनी ५ वटा थरको उल्लेख पाइन्छ विष्ट (२०५५:१०३) । यस्तै १५ वटा थर (१) मुखिया थरे (२) चौतारे (३) पाखावोटे (४) गउरउ (५) हाँडीफोर (६) गोडलर (७) लउरे (८) मिजार (९) पिपलवोटे (१०) मारुनी (११) कछाटे (१२) सुन्धुवा (१३) थारवोटे (१४) कुशहरवोटे (१५) मुसहरवोटे ( शर्मा २०४२:१३)

पेसा वा काम र बसोबास गर्ने स्थानको आधारमा थरहरू विभाजन गरेको बुझिन्छ । जस्तै मुखिया भएको भए मुखिया थरे, चौतारोका नजिक भए चौतारे, पाखामा बसेको भए पाखवोटे लाहुर गएको भए लाहुरे, नाच्ने भए मारुनी, यस्तै गरी थर विभाजन गरेको बुझिन्छ (पौडेल २०५९:२६) ।

प्रायः नदीका तिरमा परम्परागत पेसा अँगाल्दै आएका पिछडिएका वोटे जातिलाई पहाडमा माझी र तराईमा कुशहर पनि भन्ने गरिन्छ । रहनसहन र संस्कारहरू हिन्दुधर्म अनुसार गर्ने वोटे जाति हेर्दा आकृतिमा मंगोलियन जस्ता देखिन्छन । थेप्चोनाक, पुष्ठ आँखा, होचो कद, प्रायः कालो वर्णका र गालामा दाह्री जुँगा मगरका जस्ता देखिन्छन् । शारीरिक शक्तिको दृष्टिले यिनीहरू प्रायः बलिया, हट्टाकट्टा जाँगरिला र फूर्तिला देखिन्छन् । वर्षभरीमा कम बिरामी हुने त यिनीहरूको विशेषता नै मान्नुपर्दछ । यिनीहरू लजालु, हिच्किचाउने, नौला मानिससँग छिटो घुलमिल नगर्ने स्वभावका देखिन्छन् । (पौडेल, २०५६ : २६)

वोटे जाति अष्ट्रेलियाबाट भारत हुँदै नेपाल पसेको अनुमान गर्न सकिन्छ । पशुपालनको युगमा उनीहरू पशु पाल्ने क्रममा खोला, नदीका छेउछाउमा रोज्दै आएको हुन सक्छ । सर्वप्रथम नेपालमा कुन ठाउँमा वोटेहरूले प्रवेश गरे भनी भन्न गाह्रो पर्दछ । तर कसैकसैले दाङ्गलाई नेपालको प्रवेशद्वार भनेको पाइन्छ । त्यहाँबाट नेपालका भित्रीमधेश देखि पहाडसम्म लगभग ४, २०० फिट सम्म नदीका छेउ छेउमा बसेको वस्ती पाइन्छ । वर्तमान समयमा लगभग ३५ जिल्लाहरूमा वोटेहरू बसोबास गरेका पाइन्छ (पौडेल, २०५६:२६) ।

सुब्बा, (१९८९:६५) ले वोटे जातिहरूको सामाजिक, आर्थिक पक्षबारे केही प्रकाश पारेका छन् । उनले वोटेहरूको अध्ययन गर्दा । आर्थिक अवस्थामा परम्परागत पेसामा माछा मार्ने विधि सामाग्रीहरूको व्याख्या गरेका छन् । वस्याल (२०३८ : ५३) ले आफ्नो लेखमा वोटे जातिको विशेषता चालचलनमा जोड दिँदै उक्त जातिको संक्षिप्त परिचय दिएका छन् । पौडेल (२०५६:९) ले "वोटेहरूको किंवदन्ती अनुसार आफूलाई कालीगण्डकी भन्दा एकदिनले जेठो हो भनेको पाइन्छ । त्यसैले यिनीहरूका साना बालबालिकाहरू पनि गण्डकी जस्तो सुकै बेलामा पौडी खेलेर वारपार गर्न सक्छन् । वोटेहरू गण्डकी छाडेर अन्यत्र बसोबास गर्दैनन् र अझसम्म पनि गरेको पाइदैन । सुर्खेत लेखफर्सा ७ का राना, राई वोटे जातिहरू आफूहरू कालो गण्डकीको छम्दी र छेवाङ्ग गाउँबाट आएको अध्ययन क्षेत्रका बृद्धबारे उत्तर दाता बताउँछन् ।

विष्ट (२०३०:८६) का अनुसार वोटेजातिको छुट्टै अध्ययन नगरेतापनि वोटेलाई दनुवार, दरै, माझी शीर्षकमा राखी छोटो चिनारी गराउन खोजेका छन् । उनले वोटे सम्बन्धी विस्तृत व्याख्या नगरेपनि भाषा र सांस्कृतिक पक्षको केही उल्लेख गरेको पाइन्छ । यिनीहरूको भाषाको नजिकको भाषामा दनुवार, कुमाल, दरै, थारू पर्दछन् भन्ने अन्य जातिसँग सम्पर्कमा आउन नेपाली भाषाको प्रयोग गर्दछन् । दसैं, तिहार, चण्डी जस्ता मुख्य चाडपर्व र पूजामाथि विश्वास गर्ने साथै गुरूवा, झाँक्री, टुनामुना, झारफुक, देवीदेवता माथि विश्वास गर्ने कुरा उल्लेख गरेको पाइन्छ ।


वोटे जातिको परम्परागत पेसा अर्न्तगत अर्को काम खोला या नदीकोतिरमा बालुवा चालेर सुन निकाल्ने हो । यो काम गर्न अन्य सामाजिक सांस्कृतिक समूहका मानिसले सकदैनन् । यस काममा वोटेहरू नै अनुभवी हुन्छन् । (पौडेल, २०५६:७०) सुब्बाका अनुसार सुन पखाल्ने पूरै काम ३ चरणमा गरिन्छ । जसमध्ये सर्वप्रथम यस्तो ठाउँ रोजिन्छ जहाँ बालुवा र माटोमा सुनको कणको शंका गरिन्छ ।  दोस्रो चरणमा काठका त्रिभुज आकारको प्लेट माथि (खोल्सा परेका फलेक) जाली, जुन बाँसका कप्टेराबाट बनाइएको हुन्छ । त्यो राखी उक्त बालुवा त्यहाँ चालिन्छ । तल मसिनो बालुवा र सुन झर्दछ र अन्तमा त्यो सुन पात या भाडामा राखिन्छ र कोइलाबाट पगालिन्छ । उक्त पुरै कार्यको लागि रस र कोइला बनाउन काठको उपकरणको बारेमा राम्रो ज्ञान र अनुभव हुनुपर्दछ (सुब्बा, १८८९:७१) ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

वोटे जातिको अध्ययनमा सामाजिक संरचना, संस्कृति र आर्थिक पक्ष स्वतन्त्र चरहरू हुन् । अर्को तर्फ जातिय संरचना, पारिवारिक संरचना, नातागोता, छर छिमेक, गाउँघर सामाजिक संरचनाका चरहरू हुन् । मूल्य-मान्यता खानपिन, संस्कारहरू भेषभूषा,

सांस्कृतिक पक्ष अर्न्तगतको मध्यम चरहरू हुन् भने आर्थिक संरचना अर्न्तगतको पेसा, जमिन, आम्दानीखर्च चरहरू हुन् ।

माथि उल्लेखित तिनै स्वतन्त्र पक्षहरू अन्तर्गतका आश्रित पक्षहरू वा त्यसका परिणामहरू सामाजिक प्रतिष्ठाको अभाव, हीनतावोध अशिक्षा, गरिबी, वस्तु र सेवाको उपलब्धता, सामुदायिक सहभागिता न्यूनता र शुन्य राजनैतिक सहभागिता छन् ।



# अध्याय : तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान क्षेत्रको छनौट

यो शोध अनुसन्धान क्षेत्र सुर्खेत जिल्ला अर्न्तगत लेखफर्सा गा.वि.स. वडा नं. ७ (सात) मा बसोबास गर्ने जनजाति मध्ये वोटे जनजातिको सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गर्न त्यस ठाउँको छनौट गरिएको हो । यो गा.वि.स. ७ भेरी नदीको किनारमा रहेको छ । वोटे जातिको बारेमा अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्ताको पूर्व रूची र केही जानकारी भएको साथै वासस्थान पनि नजिकै भएको कारण यो क्षेत्र छनौट गरिएको छ ।

लेखफर्सा गा.वि.स. वडा नं. ७ मा एउटा वडा मात्र यिनीहरूको बसोबास रहेको छ । २० घरधुरी वोटे जाति र अन्य जातिमा कामी, दमाई, क्षेत्री, ब्राम्हण, गुरूङ, मगरको बाहुल्यता छ । वोटे जाति एक टोलमा मात्र सीमित छन् । यस टोललाई 'वोटे गाउँ' भनिन्छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोधमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस वर्णनात्मक ढाँचाबाट वोटे समुदायको सामाजिक, सांस्कृतिक एवं आर्थिक पक्षको विवरणात्मक विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा दुई प्रकृतिका तथ्यांकहरू समावेश छन् । गुणात्मक तथ्यांकहरू र मात्रात्मक तथ्यांकहरू । यी दुवै तथ्यांकहरू प्राथमिक र द्वितीयक स्रोतबाट संकलन गरिएको छ ।

(क) **प्राथमिक स्रोत** : अर्न्तवार्ता, अवलोकन, घरधुरी सर्वेक्षण/प्रश्नावली अर्न्तवार्ता चेकलिष्ट (बुद्धिजीवि, वृद्ध, महिला जस्ता जानकार व्यक्तिहरू) बाट यस अध्ययनमा आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरू संकलन गरिएको छ ।

(ख) **द्वितिय स्रोत** : पूर्व प्रकाशित पत्रपत्रिका वोटे सम्बन्धि पुस्तक र शोधपत्र तथ्याङ्क कार्यालय गा.वि.स. कार्यालयबाट प्राप्त जानकारी यस अध्ययनका द्वितीयक तथ्याङ्कहरूको स्रोत हुन ।

## ३.४ अध्ययनको जनसंख्या

लेखफर्सा गा.वि.स. ७ मा बीस घरधुरी वोटे जातिको सम्पूर्ण तथ्याङ्क लिइएको छ । यस अध्ययनमा अध्ययनको जनसङ्ख्या सानो भएको कारक नमुना छनौट विधिको सट्टा जनगणना विधिबाट सम्पूर्ण घरधुरीको घरमूलीसँग प्रश्नावलीका माध्यमबाट सम्पूर्ण तथ्याङ्क लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रविधि

तथ्याङ्क संकलन गर्नुका लागि घरधुरी सर्वेक्षण प्रश्नावली अवलोकन र अर्न्तवार्ता विधिहरू प्रयोग गरिएको छ । यी विधिहरूलाई निम्न अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली/घरधुरी सर्मेक्षण

वोटे जातिको जनजीवन र संस्कृतिसँग सम्बन्धित सूचनाहरू लिनका लागि संरचित प्रश्नावली निर्माण गरी प्रत्येक घरधुरी सर्वेक्षण गरी सबै घरधुरीका घरमूलीसँग छलफलद्वारा तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययन विधिबाट क्षेत्रका वोटे जातिको उत्पत्ति, आगमन, किंवदन्ती, पेसा (परम्परागत, आधुनिक) शिक्षा, सीप, संस्कार, संस्कृति, रितीरिवाज चालचलन स्वास्थ्य, जनसङ्ख्या (महिला/पुरुष, उमेर) भौगोलिक स्थिति जस्ता तथ्याङ्क सूचना संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

यो विधि प्रयोग गर्दा दसैं, तिहार पर्वहरू र अन्य परिवेशमा २०६७ आश्वीन र कार्तिक (दुई महिना) प्रत्यक्ष संलग्न भई स्थलगत अवलोकन गरिएको छ । यसरी अवलोकन गर्दा वोटे जातिको बसोबासको अवस्था, पशुपालन, कृषि, सामाजिक संस्कारमा जोड दिइएको छ ।

### ३.५.३ अर्न्तवार्ता

यस गा.वि.स. का वोटेहरूका विषयमा सम्बन्धित क्षेत्रका मुख्य वोटे जानकार उत्तरदाता (शिक्षक, वृद्ध, व्यक्तिहरू)सँग प्रत्यक्ष अर्न्तवार्ता लिई आवश्यक सूचनाका साथै सामाजिक-सांस्कृतिक, आर्थिक, अवस्थाका बारेमा अधिकारीक सूचनाहरु संकलन गरिएको छ । अन्तरवार्ता चेकलिष्टका आधारमा अन्तरवार्तालाई नियन्त्रित गरिएको थियो ।

## ३.६ तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण

तथ्याङ्कहरूको संकलन कार्य सकिए पश्चात प्राप्त गरिएको सम्पूर्ण परिमाणात्मक तथ्याङ्कलाई बढी सावधानीपूर्वक सूचीकरण गरी वर्गीकरण गरियो । यिनीहरूलाई अर्थपूर्ण बनाउन तालिकाबाट प्रस्तुत गरिएको छ । गुणात्मक सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरी वोधगम्य बनाइएको छ र कतिपय मात्रात्मक तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय तकनिकी प्रयोग गरी विश्लेषण गरिएको छ । प्रतिशत औसत, अनुपातजस्ता सामान्य प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यो अध्ययन सुर्खेत जिल्ला लेखफर्सा गा.वि.स. वडा नं. ७ मा रहेका वोटे जनजातिको गरिएको छ । वोटे जातिहरू देशका विभिन्न क्षेत्रहरूमा छरिएर रहेका धेरै अनुसन्धानबाट थाहा भएको छ । अनुसन्धानका पनि नियम, मूल्य र मान्यता रहेका हुन्छन् । त्यसैले यो अध्ययन अनुसन्धान कार्यमा पनि निश्चित सीमा भित्र मात्र यसको परिणाम र निष्कर्षहरू मान्य हुन्छन् । यो अध्ययन एक पिछडिएको जाति बसोबास रहेको एक गा.वि.स. को पनि एक वडा भित्र सीमित रहेर गरिएको छ ।

१. यो अध्ययन सुर्खेत जिल्लाको लेखफर्सा गा.वि.स. का वोटे जातिमा सिमित रहेको छ ।
२. यस अध्ययनमा वोटे जातिको सामाजिक, सांस्कृतिक जीवन र आर्थिक पक्ष मात्र समेटिएको छ ।
३. अध्ययनका लागि सिमित विधिहरू अवलोकन, अर्न्तवार्ता, प्रश्नावली, घरधुरी सर्वेक्षण अपनाइएको छ ।
४. एउटा गा.वि.स. लेखफर्साको वोटेहरूको अध्ययन भएकाले नेपालका सम्पूर्ण वोटेहरूको सम्बन्धमा सामान्यी करण गर्न कठिन हुन सक्दछ ।

# अध्याय : चार
# अध्ययन क्षेत्रको परिचय

## ४.१ सुर्खेत जिल्ला

सुर्खेत नेपालको ५ विकास क्षेत्रमध्ये एक मध्यपश्चिमाञ्चल विकाश क्षेत्र, भेरी अञ्चलको पाँचवटा जिल्ला मध्ये एक जिल्ला हो । यो जिल्ला मध्यपश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम भएको जिल्ला हो । नेपालको पश्चिमाञ्चल भन्दा पश्चिम र सुदूर पश्चिमाञ्चल भन्दा पूर्वको जुन भाग मध्य पश्चिमाञ्चल विकाश क्षेत्र हो । सुर्खेत जिल्ला को भौगोलिक अवस्थिति ८०$^{\circ}$ ५९‘ देखि ८२$^{\circ}$ पूर्वी देशान्तर र २८$^{\circ}$ १४” २८$^{\circ}$ ५८‘ उत्तरी अक्षंसमा रहेको छ । यो जिल्ला अन्य सात जिल्लासँग जोडिन पुगको छ । दैलेख, अछाम, डोटी, बर्दिया, सल्यान, कैलाली र जाजरकोट, यस जिल्लाको कूल क्षेत्रफल २१२३ वर्ग मी. छ । प्रसिद्ध  तिर्थस्थल, काक्रेविहार, देउती बज्यै सिद्ध पाइला हुन । यो जिल्ला मध्यपश्चिमाञ्चल विकाश क्षेत्रको क्षेत्रीय प्रशासनीक एकाइ रहेको कारणले यो एउटा मध्य पहाडी सुन्दर उपत्यका हो । यो जिल्लाको आधा भू-भाग पहाडी क्षेत्र पर्छ भने आधा भाग भित्रीमधेश पर्दछ । सामाजिक, सांस्कृतिक, जातिय विविधता पाइन्छ । यहाँ मुख्य गरी ब्रामण, क्षेत्री, गुरूङ्ग, मगर, कामी, दमाई, सार्की, नेवार, थारु जातिको वाहुल्यता छ भने वोटे जातिले थोरै संख्यामा सानो ठाउँ ओगटेको छ । मुख्य नदीहरूमा, पश्चिममा कर्णाली नदी, बीच भागमा भेरी नदी र दक्षिणमा बबै नदी रहेका छन् । यहाँको बुलबुले काक्रेविहार सुपाघाट, रामघाट, सिद्ध पाइला आदि प्रख्यात एवं पर्यटकीय स्थलहरू हुन् । यहाँको वार्षिक औषत तापक्रम अधिकतम २७.६ डिग्री सेल्सियस छ भने वार्षिक वर्षा १६११.९ मि.लि. पर्दछ । (श्री ५ को सरकारको  छापाखाना मेची देखि महाकाली भाग - चार, २०३१) यस जिल्लाको सदरमुकाम वीरेन्द्रनगर हो यो जिल्लालाई १ नगरपालिका ५० गा.वि.स. र ९ इलाकामा बाँडिएको छ । यस जिल्लाको जनसंख्या २८८५२७ रहेको छ । जसमध्ये महिला १,४६,३१२ (५०.७० %) र पुरूष १४२३१५ ( ४९.३०%) पर्दछन् । कूल घर परिवार संख्या ५४०४७ र एक परिवारमा ५.२७जना व्यक्ति पर्दछन् भने जनघनत्व प्रति वर्ग कि.मि.१३५/९० जना पर्दछ । (तथ्याङ्क विभाग, ०५८)

### ४.१.१ लेखफर्सा गा.वि.स.

सुर्खेत जिल्लालाई राजनैतिक र प्रसासनिक दृष्टिबाट १ नगरपालिका र ५० गा.वि.स. मा विभाजन गरिएको छ । जसमध्ये लेखफर्सा गा.वि.स. पनि एक हो जसले सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा पर्ने यो गा.वि.स. पहाड देखि फाँटसम्म फैलिएको बाक्लो जनसंख्या रहेको सुर्खेतको गा.वि.स. मध्ये एक हो । उत्तरमा पहाडी भुभाग देखि

दक्षिणमा भरी नदीको किनार सम्म फैलिएको लेखफर्सा गा.वि.स. आयस्रोत तथा उत्पादनको दृष्टिकोणले मध्यम मानिन्छ । पाँगो माटो, भिरालो र समथर भू-भाग, सिचाईयुक्त उक्त ठाउँको हावापानी उत्तरतिर चिसो र दक्षिणमा गर्मी पाइन्छ । यो गा.वि.स.को भौगोलिक विषमता समुन्द्रको सतहदेखि २०० मी देखि ६०० मी. सम्मको उचाइमा रहेको छ । यहाँ पहाडी र केही भित्रि मधेसको भाग पर्दछ । यस गा.वि.स. को सिमानामा पूर्वमा गुमी गा.वि.स. दक्षिणमा भेरी नदी, दक्षिण पश्चिममा दशरथपुर र रामघाट गा.वि.स., उत्तर पूर्वमा नेटा गा.वि.स. र गुमी उत्तरमा नेटा गा.वि.स. पर्दछन् । जनसंख्या जम्मा ५५६४ जसमध्ये पुरूष २७४६ (४९.३६%) महिला २८१८ ( ५०.६४%) पर्दछन् (तथ्याङ्क विभाग, २०५८ ) प्रशासनिक सुविधाका लागि यस गा.वि.स. लाई ९ वडा र गाउँका नाम सहित १६ टोलमा विभाजन गरिएको छ । जस अनुसार वडा नं. १ मा लेखगाउँ पर्दछ भने टोलको नाम पनि लेखगाउँ नै राखिएको छ । वडा नं. २ मा बुङ्गेचौर गाउँ पर्दछ भने टोललाई दुईभागमा बुङ्गेचौर र गोरुजुरे राखिएको छ । वडा नं. ३ मा फूलवारी गाउँ पर्दछ र त्यसमा फूलवारी र टोप्रे टोल पर्दछन् । वडा नं. ४ मा फोर्सा गाउँ पर्दछ भने टोलको नाम पनि फोर्सा पर्दछ । वडा नं. ५ मा ढाव गाउँ पर्दछ भने ढाव, खरक र काव्रे टोलहरू छन् । वडा नं. ६ मा महेन्द्रगञ्ज गाउँ पर्दछ भने टोलको नाम पनि महेन्द्रगञ्ज राखिएको छ । वडा नं. ७ मा छोटे र महेन्द्रगञ्ज गाउँहरू पर्दछन् । छोटे गाउँ भित्र वोटे टोल पर्दछ । वडा नं. ८ मा जहडे गाउँ पर्दछ भने यसभित्र रातोमाटे, जहडे र भुतिया टोलहरू पर्दछन् । वडा नं. ९ मा गुयलाघारी गाउँ पर्दछ भने टोल पनि गुयलाघारी नै छ । *(श्रोत : गा.वि.स. कार्यालय, २०६७)*

यी गाउँ र टोलको बारेमा विवरण दिनुपर्ने कारण वडा नं ७ मा छोटे गाउँ भित्र वोटे टोल पर्दछ । यस गा.वि.स. को वडा नं. ७ को छोटे गाउँ भित्रको वोटे टोल यसको अध्ययन क्षेत्र भित्र पर्दछ ।

यी टोलहरूको नाम प्राय जग्गा, हावापानी, घाँट र मानिसको वसोवासको दृष्टिबाट राखिएको बुझिन्छ । वडा नं. ७ का छोटेमा वोटेहरूको वस्ती भएकोले यसटोलको आधा वोटेसमुदायलाई वाटेगाउँ भनेर चिनिन्छ ।

### ४.१.२ बसोबास र घरको प्रकार

समाजमा मिलिजुली बस्ने र प्रतिष्ठा राख्न प्रत्येक मानिस प्रतिस्पर्धा गर्दछन् । विभिन्न ठाउँहरूको समाजमा विविधता पाइन्छ । जसमा धार्मिक, जातिय विविधता पनि एक हो । विभिन्न जातिहरू अलग अलग एक गोल भएर बसेको पाइन्छ । जस्तै वोटे, कामी, दमाई, सार्की इत्यादि । त्यस्तै लेखफर्सा गा.वि.स. अर्न्तगत वडा नं. ७ छोटे को आधा भागलाई 'वोटे गाउँ' भनेर चिनिन्छ । अन्य टोलहरूमा बाहुन, क्षेत्री, दमाई, कामी छन् भने

वोटे गाउँमा आधा वोटेहरूको बसोबास रहेको छ । अन्य जातिहरू आधामा छन् । लेखफर्सा, गा.वि.स.को छोटे गाउँ भेरी नदीको किनारमा पर्दछ । त्यो गाउँमा वोटे नै पहिले देखि नै बसोबास गरेका छन् । जहाँ २० वटा घरहरू वोटेहरूको गोलवद्ध कतै छरिएका छन् । यहाँ पुस्तौ देखि बसेको पाइन्छ । यहाँका वोटेहरूको घरको बनावट हेर्दा अन्य जातिको भन्दा अलग्गै किसिमको घरको ढाँचाहरू पाइन्छ । प्रायः गरी खर, र कुनै कुनै टायलको छाना, भएको २ पाखे फ्लेक, माटो र ढुङ्गाका भित्ताहरू भएका जहाँ घरभरी नै एउटा ढोका कतै २/३ ढोका मात्र र साना साना प्वाल र ‰यालहरू देखिन्छन् । घरमा पाली निकाली साना कोठीका रूपमा रहेका नजिकै बाखा, सुगुरको खोर र गाईको गोठ हुन्छने । कुखुराका खोलेस प्रायः घरभित्र नै देखिन्छन् । घरहरू कतै गुजुमुच्च कतै छरिएका रहेका देखिन्छन् । घरमा प्रायः तला थपेको देखिने भुँई तलामा खाने, बस्ने सुत्ने गरिन्छ । दोश्रो तल्लामा उब्जिएका अन्न (मकै, गेडागुडी, मास र अन्य), कृषि सामग्री, हात हतियार र माटाका भाँडाहरू राख्दछन् ।

### ४.१.३ जनसंख्या

जनसंख्याको संरचनात्मक स्वरूप जस्तो उमेर लिंग आदिको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसै अर्न्तगत यस गा.वि.स. २०५८ को  तथ्याङ्क राष्ट्रिय जनगणना अनुसार ५५६४ जना मध्ये पुरूष २७४६ (४९.३६) र महिला २८१८ (५०.६४) रहेको छन् । यस गा.वि.स.को कूल जनसङ्ख्या मध्ये वोटेहरू १०० जना यस गा.वि.स. मा बसोबास गरेको पाइन्छ । प्रतिशतको हिसाबबाट वोटेहरू जम्मा कूल संख्याको १.७९% रहेका छन् । अर्कोतिर यस गा.वि.स.को जनसंख्यालाई जातिगत आधारमा विभाजन गरेर हेर्दा यो अध्ययन क्षेत्र विभिन्न जनजातिको संगम स्थल भएर रहेको छ । किनभने यो गा.वि.स. मा बहुजातिका मानिसहरू बसोबास गर्छन् ।

जनसंख्याको दृष्टिकोणका जातिगत आधारमा हेर्ने हो भने मगर जाती सबैभन्दा बढी २३१० जना (४१.५१%) छन् भने दलित जाति १६६३ जना (२९.८८%) रहेको छ दलित भित्र दमाइ कामी, सार्की र सार्की जाति पर्दछन् । ब्राम्हण जनसंख्याको आधारमा तेस्रो श्रेणीमा पर्दछ । ७९६ जना (१४.३०%) हुन जान्छ । क्षेत्री चौथो श्रेणीमा पर्दछ ३५२ जना (६.३२%) हुन आउँछ । त्यसैगरी गुरुङ १८८ (३.३७%) नेवार १८ जना (०.३२%) मुस्लीम ९(०.१६%), तेली ६३(१.१३%) ठकुरी १६.(०.२८%), सन्यासी २३ (०.४१%) र बाकी अन्यमा १२६ (२.२६%) रहेका छन् । (तथ्याङ्क विभाग, २०५८) जनगणना २०५८ तथ्याङ्क विभाग अनुसार वोटे जातिलाई अन्यमा पारेको जस्तो देखिन्छ । ९ जना मुस्लीम र १६ जना ठकुरी समेतलाई तथ्याङ्कमा देखाइएको छ भने आदिबासी वोटे जाति १०० जना हुँदा पनि अन्यमा राखिएको पाइन्छ ।

यो गा.वि.स. को जनसंख्यालाई अध्ययन गर्दा सबैभन्दा वढि मगर जाति ४१.५१ प्रतिशत त्यसपछि दलित र ब्राम्मण २९.८८ प्रतिशत र १४.३० प्रतिशत जातिहरू रहेका छन् । वोटे जातिलाई अन्य भनी गणना नै हुन नसकेको स्थितिले वोटे जातिलाई महत्व नदिएको देखिन्छ ।

## ४.१.४ भाषा

भाषा प्रत्येक समुदायका मानिसहरूको मौलिक पहिचान हो । नेपालका हरेक जात/जाति का आ-आफ्नै भाषाहरू छन् । भाषागत आधारमा अध्ययन क्षेत्रको जनसङ्ख्यालाई तालिका २ अनुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. २ भाषागत आधारमा जनसंख्या वितरण तालिका**

| सि.नं. | भाषा | संख्या | प्रतिशत | नेपाली जान्ने % |
|---|---|---|---|---|
| १ | नेपाली | २८७६ | ५१.६८ | १००% |
| २ | गुरूङ | १८८ | ३.३७ | १००% |
| ३ | मगर | २३१० | ४१.५१ | १००% |
| ४ | वोटे | १०० | १.७९ | १००% |
| ५ | नेवारी | १८ | ०.३२ | १००% |
| ६ | अवधि | ९ | ०.१६ | १००% |
| ७ | हिन्दी | ६३ | १.१३ | १००% |
| जम्मा | | ५५६४ | १०० | १०० |

*स्रोत:- गा.वि.स को कार्यालय, २०६७*

तालिका नं. २ हेर्दा नेपाली भाषा वोल्नेको् संख्या २८७६ (५१.६८%) गुरुङ भाषा वोल्नेको संख्या १८८ (३.३७%) त्यसैगरी मगर २३१० (४१.५१%) वोटे १०० (१.७९%) नेवारी १८ (०.३२%) जना अवधी ९ (०.१६%) जना अवधि ९ (०.१३%) र हिन्दी ६३ ( १.१३%) जनाले बोल्दछन् ।

यस अध्ययन क्षेत्रका वोटेजातिहरूको वोटे भाषा आपसमा वोलेपनि अन्य मानिसहरू सँग वोल्दा नेपाली भाषा नै वोल्ने गरेको पाइन्छ ।

# अध्याय : पाँच

# वोटे जातिको सामाजिक र सांस्कृतिक अवस्था

## ५.१ सामाजिक जीवन

### ५.१.१ जनसङ्ख्या

कुनै पनि समाजमा रहेका बहुसंख्यक जातिले अल्पसंख्यक जातिलाई प्रभाव पारेको हुन्छ । तसर्थ यो भन्न सकिन्छ कि जनसंख्याले कुनै पनि समाजको संरचनामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपालको कूल जनसंख्या मध्ये २०५८ सालको जनगणनामा ७९६९ जनसंख्यामात्र वोटे जातिको रहेको छ । यस तथ्याङ्कबाट नेपालको अल्पसंख्यामा रहेको जाति वोटे पनि एक भन्न सकिन्छ । २०५८ सालको जनगणना अनुसार यस लेखफर्सा गा.वि.स.का ५५६४ कूल जनसंख्या मा वोटेहरूको संख्या अन्यमा (१२६ जना) भित्र राखिएको छ । तर यस अध्ययन क्षेत्रमा २०६७ मा गरिएको घरधुरी सर्वेक्षणबाट वोटेहरूको जम्मा २० घर परिवारमा १०० जना वोटेहरूको जनसंख्या भएको पाइएको छ । यसै तथ्याङ्कको आधारमा नै आफ्नो शोध कार्य गरिएको छ ।

यस स्थलगत सर्वेक्षणबाट एउटा गा.वि.स.का एउटै वडा छोटे गाउँमा मात्र सिमित छन् । २० घर परिवारमा महिला संख्या ४६ र पुरुष ५४ गरी जम्मा १०० जनसख्या रहेको देखिन्छ । २० वटा घरहरू केही गोलवद्ध र केहि छरिएर रूपमा रहेका छन् ।

### (क) परिवार

परिवार भनेको त्यस्तो समूहलाई जनाउँदछ जो एउटै रक्त सम्बन्ध अर्न्तगत पर्ने व्यक्तिहरू एक आपसमा मिलि बस्दछ । परिवार व्यक्तिलाई सामाजिकीकरण गर्ने एक माध्यम हो । परिवार नै पहिलो शिक्षा प्राप्त गर्दछ । त्यसैले यहाँ अध्ययन गर्न खोजिएको जाति वोटेहरूको समुदायमा पनि परिवारको सम्मान हुन्छ । वोटेको परिवारमा पनि पत्नी, छोरा, छोरी, बुहारी, नाति, नातीनी, पनाति सम्म देख्न पाइन्छ । यस अध्ययन क्षेत्रका वोटेहरूमा घरको जेठो पुरुषलाई नै घरको मूली मान्दछन् । उसैले नै घरको सञ्चालन गर्दछ ।

यस अध्ययन क्षेत्रमा वोटेहरूको परिवारको प्रकारलाई अध्ययन गर्दा एकात्मक परिवार नै भएको देखिन्छ । वृहत र संयुक्त परिवार शुन्य नै देखिन्छ । यस क्षेत्रका वोटे घरपरिवार संख्या २० मा शत प्रतिशत एकात्मक परिवार भएकोले परिवारको आकार घट्दै

गई एकात्मक परिवारले प्रधानता पाएको छ। ठूलो परिवामा वेमेल, सानो र सुखी परिवारको चाहना, आधुनिकताको प्रभाव, जस्ता कारणले परिवारको स्वरूपमा परिवर्तन भएको पाइन्छ।

**ख) वोटे जातिका महिलाहरू**

सबै नागरिक कानुनको दृष्टिमा कसैलाई पनि समान कानुनको संरक्षणबाट बञ्चित नगरिने (नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (१) समान कामको लागि पुरूष र महिलाको बीच पारिश्रमिकमा भेदभाव नगरिने भनी (नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (५)) मा उल्लेख भएको छ। नेपालमा गणतन्त्र स्थापना भएपश्चात अन्तरिम संविधान '२०६३' मा महिलाको हक सम्बन्धी थप निम्न चार वुँदामा उल्लेख गरिएको छ।

१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन।

२) प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन सम्वन्धी हक हुने छ।

३) कुनै पनि महिला विरुद्ध शारिरीक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्धारा दण्डनीय हुनेछ।

४) पैत्रिक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ।

संविधानमा जे जस्तो समानता लेखिए पनि संवैधानिक प्रावधान अनुसारको व्यवहार हाम्रो समाजमा पाइदैन। यसरी हेर्दा नेपालमा अधिकांश महिलाहरू विभिन्न सामाजिक र पारिवारिक वन्धनबाट बाधिएका छन्। सामाजिक निती नियम भन्दा वाहिर गए असामाजिक भन्ने डरले नेपालमा महिलाहरू थिचिएर वस्नु परेको छ।

वोटे जातिका महिला अशिक्षित भएपनि अति मिलनसार, मिहेनति र इमान्दार देखिन्छन्। परिवारको दुःख सुःखमा समानरूपमा सहभागी हुने त यिनीहरूको विशेषता नै मान्नुपर्दछ। यस अध्ययन क्षेत्रको महिलाहरू कडा परिश्रम गरी आय आर्जन गर्न बढी सक्रिय देखिन्छन्। कृषि काममा होस् वा ज्यालादारीका साथै आफ्नो घरायसी काममा उनीहरू खुशीका साथ तयार हुन्छन्। यस जातिमा परिवारमा पुरूषलाई जस्तै महिलालाई पनि समान रूपको व्यवहार गरिन्छ। चाडपर्व, पूजा-आजा, मेला जात्रा पुरूषसँगै समानरूपमा गएको पाइन्छ। त्यस्तै खानामा पनि दुवै समान छन्। पुरूष सरह घुमफिरमा स्वतन्त्र छन्।

शिक्षाको क्षेत्रमा वोटे समुदायका महिला ज्यादै पछाडी छन्। यस अध्ययन क्षेत्रका वोटे महिलामा छोरी मध्येमा एक जना बढी पढ्ने हुन्। उनले कक्षा ९ पढेर छाडेकी छन्। त्यस्तै बुहारीमध्येमा एक जना कक्षा ११ मा अध्ययनरत छन्। कक्षा ७ मा एक जना, ५

कक्षा र ४ कक्षामा १/१ जना, त्यस्तै गरी शिशु १ देखि ३ कक्षासम्म पढ्न जाने संख्या जम्मा १३ जना रहेका छन् ।

यस अध्ययन क्षेत्रका वोटे समुदायका वोटे महिलाहरू पुरूष सरह काम गर्दछन् । उनीहरू मुख्यकाममा घरधन्दा, भारी बोक्ने, कृषि, ज्याला, परि आएमा तुइन पनि तार्दछन् ।

### ग) नेतृत्व

मानिस एक सामाजिक प्राणी हो । त्यसैले ऊ समाज बिना एक्लै रहन सक्दैन । जन्मदेखि मृत्युसम्म ऊ आफ्नो परिवारको साथमा समाजमा बस्दछ । समाजमा बस्ने व्यक्तिलाई विभिन्न पद र दर्जा अनुसार कामको बाँडफाड गरिएको हुन्छ । कोही उच्चस्तर र कोही निम्न स्तरका दर्जाहरू हुन्छन् । जे भएपनि उनीहरू सामाजिक कहलिन्छन् । जबसम्म उनीहरू सामाजिक नियमलाई उल्लंघन गर्दैनन् । समाजलाई सही गति दिन वा असल मार्गबाट हिँडाउन नेतृत्व चाहिन्छ । यस अध्ययन क्षेत्रमा वोटेहरू कतै छरिएका त कतै एकठाउँमा लाइनवद्ध भएर बसेको हुँदा 'वोटे टोल' नाम राखिएको छ । आफ्नो नातागोता वा जाति भित्रको सम्मान सत्कार गर्ने काम त्यो क्षेत्रको जो जेठो, बूढो छ उसैलाई मुख्य व्यक्ति मान्दछन् । राणाकाल र पञ्चायत कालमा समाजका नेतृत्व पदहरूमा 'जिम्मावाल' (प्रमुख) गा.वि.स. प्रमुख हुन्थ्यो । जिम्मावालले कामको जिम्मा दिने गर्थ्यो जसलाई 'मुखिया' भनिन्थ्यो । मुखियाले प्रत्येक गाउँमा १/१ जना घाटु राख्थ्यो । घाटुले विकास कार्यमा कटुवाललाई खबर गर्न लगाउँथ्यो । कटुवालले मुखैले चिच्याएर बोलाउनु पर्ने भएकोले 'चिच्याउने' भनि दर्जा दिइन्थ्यो । हाल यस्ता पद र दर्जा दिने र लिने काम नभएपनि ती दर्जा लिएका व्यक्तिहरूको छोरा नाति-पनातिलाई पनि बाबु बाजेको दर्जा अनुसार सम्बोधन गर्ने चलन पाइन्छ । जस्तै मुखिया डिल बहादुर वोटे, घाटु दलबहादुर वोटे चिच्याउने मन ब.वोटे । वर्तमान समयमा सबै जात जाति मिली आफ्नो गाउँको संचालन गर्न, सबै जातजातिको घुलमिल भएको हुँदा गाउँको नेतृत्व अन्य जातिका व्यक्तिबाट पनि भएको पाइन्छ । जसले गर्दा यसको महत्व घट्दै गएको छ ।

### (घ) भाषा

अष्ट्रेलियन भाषा परिवार अर्न्तगत पर्ने वोटे आफ्ना नजिक सम्बन्ध पनि दनुवार, दराई, कुमाल र थारूसँग देखिएको छ । नदी तथा खोलाका प्रमुख घाटमा स्थायी रूपले बसोबास गरी जिविकाको लागि डुंगा खियाउने, माछा मार्ने, बालुवा धोएर सुन निकाल्ने जस्ता परम्परागत जातिय व्यवसायलाई अँगाल्दै आएका वोटे जातिको भाषा नै वोटे भाषा हो । वोटेहरूले नेपाली या अन्य कुनै मातृभाषा, भाषीहरूसँग विचार विनिमय गर्दा साझा भाषा नेपाली नै प्रयोग गरे पनि आफ्नो भाषिक समाज या घर परिवारमा वोटे भाषा नै

प्रयोग गर्दछन् (शर्मा, १९८९:५१) । जहाँ वोटे जातिको बढी आवादी छ, त्यहाँ वोटे भाषाकै प्रयोग भएको तर अल्पसंख्याको रूपमा बसेको ठाउँमा केही लोप भएको देखिन्छ । यस अध्ययन क्षेत्रमा अन्य जातिहरूको बढी बाहुल्यता वा बसाइँ-सराईबाट बसोबासमा अन्य जात नै बढी भएको हुँदा आफ्नो भाषाको सट्टा नेपाली भाषा नै बढी प्रयोग गर्दछन् । बूढाबूढी बाहेक अहिलेका नयाँ पिंढी कतिले त वोटे भाषा नै जानेका छैनन् । यहाँ बोलिने केही वोटे भाषा र नेपाली भाषालाई तालिका नं. ३ मा देखाइएको छ ।

**तालिका नं.३ वोटे भाषा र नेपाली भाषागत तालिका**

| वोटे भाषा | नेपाली शब्द |
|---|---|
| मई | म |
| आगी आने त फुकौं | आगो लेउ फुकौं |
| गितौ | जान्छु |
| वेटी | श्रीमती |
| बेटा | श्रीमान |
| मौसी/मौसी बा, मौसा | सानीमा/सानाबा |
| भरिया | भाँडा |
| मोध | जाँड |
| चिउँटो | चिम्टा |
| आगी | आगो |
| रक्सी | रक्सी |
| छौना | छोरा |
| छोरी | छोरी |
| नाती | नाती |
| नातिनी | नातिनी |
| ज्वाँई, भान्जा | ज्वाँई |
| पिसा/पिसी | पुसाजु/फूपू |
| चिलो | जुम्रा |
| अपन | आफ्नो |
| घार | खरानी |
| त्वा | तिमी/तपाई |
| भाउजी | भाउजू |
| खैलार | खाने हो |

| | |
|---|---|
| करजा | करेलो |
| मानुस | मानिस |
| आनुवनी | आउनुहोस् |
| वकुली | फर्सी |
| विरार | विरालो |
| झैं घर काई | जाऔं घर |
| मई कि त घर काई | म घर गए |
| आयो भात खाइला | भात खायो |
| कति खाइला ? | कति खाने ? |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका नं. ३ लेखिएका शब्द केही नेपाली भाषासँग मिल्न खोजेपनि बढी मात्रामा मिल्दैन । यस क्षेत्रका युवा वर्गमा आफ्नो भाषा धेरै कमलाई मात्र जानकारी छ । बूढाबुढीमा भने भाषा सम्बन्धी ज्ञान भएको रहेको छ ।

### (ङ) शिक्षा

शिक्षा भनेको अन्धकारलाई चिरेर उज्यालो प्राप्त गर्नु नै वास्तवमा शिक्षा हो । अथवा अँध्यारोबाट उज्यालो तर्फ जानु हो । चेतना ज्ञानविज्ञानका कुराहरू फैलाइदिन्छ । सिप र ज्ञानबाट सु-सज्जित गराइदिन्छ । यो अत्यन्तै आवश्यक पक्ष हो । वोटे जातिमा शिक्षाको अवस्था ब्राम्हमण, क्षेत्री नेवारको तुलनामा निकै पछि परेको छ । उनीहरूको कमजोर आर्थिक अवस्थाका कारण बच्चालाई विद्यालय पढाउन सक्दैनन् । पढेर हामीलाई खान मिल्दैन भन्ने धारणा वोटेहरूमा पाइन्छ । शिक्षा सम्बन्धी जनचेतनाको अभावमा उनीहरू शिक्षाको उज्यालोबाट बञ्चित हुनुपरेको देखिन्छ । यस अध्ययन क्षेत्रका वोटे जातिको शैक्षिक अवस्थालाई तालिका नं. ४ मा देखाइएको छ ।

**तालिका नं ४ : विद्यालयमा अध्ययनरत वोटे विद्यार्थीको तालिका**

| कक्षा | कूल विद्यार्थी | प्रतिशत | छात्र सङ्ख्या | छात्र प्रतिशत | छात्रा सङ्ख्या | छात्रा प्रतिशत | छात्र/छात्रा कल प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | २५.० | ३ | ३७.५ | ५ | ६२.५ | १०० |
| २ | ९ | २८.१ | ५ | ५५.५ | ४ | ४४.४ | १०० |
| ३ | ३ | **९.३** | १ | ३३.३ | २ | ६६.६ | १०० |
| ४ | ४ | १२.५ | २ | ५०.० | २ | ५०.० | १०० |
| ५ | ३ | ९.३ | २ | ६६.६ | १ | ३३.३ | १०० |
| ६ | २ | ६.२ | २ | १०० | - | - | १०० |
| ७ | १ | ३.१ | - | - | १ | १०० | १०० |
| ८ | - | - | १ | १०० | - | - | १०० |
| ९ | १ | ३.१ | १ | १०० | - | - | १०० |
| १० | - | - | - | - | - | - | - |
| ११ | १ | - | - | - | १ | १०० | १०० |
| जम्मा | ३२ | १०० | १६ | | १६ | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका नं. ४ हेर्दा वोटे जातिको यस गा.वि.स.मा जम्मा ३२ जना विद्यार्थी विद्यालयमा अध्ययन गर्दैछन् । जसमा छात्र १६ र छात्राको संख्या १६ नै रहेको छ । सबै भन्दा वढी विद्यार्थी कक्षा २ मा ९, जना कक्षा १ मा ८, कक्षा ४ मा ४ जना, र कक्षा ३ र ५ मा ३, ३ जना रहेका छन् । त्यस्तै कक्षा ६ मा २ जना, ७, ९ र ११ मा १, १ जना विद्यार्थी रहेका छन् । वोटे जातिमा एस.एल.सी पास गरेका छोरा छोरी छैनन् तर वुहारी भने एक जना ११ मा पढ्दै छिन् । उनी छिमेकी गा.वि.स. को काल्पनिक स्थानबाट प्रेम विवाहगरी आएकी हुन् ।

यस अध्ययन क्षेत्रमा वोटे पछाडी वाहुन जातिको वाहुल्यता रहेको छ । त्यस्तै क्रमशः क्षेत्री, कामी दमाई (दलित) लगाएत गुरुङ मगर र ठकुरीको बसोबास रहेको छ । शिक्षाको अवस्थालाई केलाउँदा वाहुन जाति अग्रस्थानमा देखिन्छ । वाहुन जाति आफू पनि शिक्षित छन् र आ-आफ्ना बच्चाहरूलाई सबैले स्कूल, क्याम्पसमा पढाएका छन् । त्यस्तैगरी

क्षेत्री, ठकुरी, गुरुङ, मगर जातिहरूको पनि शिक्षाको गतिविधीमा त्यक्तिकै अग्रसरता देखाएको पाइन्छ । कामी, दमाई (दलित) जातिमा भने वाहुन, क्षेत्री लगायत मगर, गुरुङ्ग जातिहरू झैं शिक्षामा गतिशिलता नपाएपनि वोटेजातिहरू भन्दा अग्रस्थानमा नै देखिएको पाइन्छ । वाहुन, क्षेत्रीको बालबच्चा शतप्रतिशत स्कूल भर्ना भएका छन् । मगर, गुरुङ बालबच्चा ९० प्रतिशत स्कूल भर्ना भएका छन् । कामी, दमाइको बालबच्चा ८०% स्कूल भर्ना भएका छन् वोटे जातिको बच्चा यी जातिको तुलनामा कम भर्ना भएको र अध्ययन गरेको पाइन्छ । यस जातिका बालबच्चाहरू स्कूल भर्ना भएता पनि गरिबी, खाद्यान्नको अभाव शिक्षा प्रति कम चेतना जस्ता कारणले विद्यार्थीहरू कक्षामा नियमित नजाने, उत्तिर्ण भएपनि या नभएपनि विद्यालय बीचमा छोडेको पाइयो । तर अन्य जातको भन्ने लगातार स्कूल गइरहेको र अध्ययन गरेको पाइन्छ ।

### ५.१.२ लिङ्गगत आधारमा जनसंख्या

कुनै ठाउँमा अर्थात् समाजमा कति महिला र कति पुरूष छ भनी लिङ्गगत आधारमा जनसंख्या बनोटमा भर पर्दछ । लिङ्गगत रूपमा जनसंख्या असमान भयो भने समाजमा केही असर पर्न सक्छ त्यसैले लेखफर्सा गा.वि.स. वोटे जातिका महिला र पुरूषको आधारमा जनसंख्या छुट्टाइएको छ ।

यस गाविसमा वोटे जाति १ वडा (नं. ७) मा मात्रै बसोबास गर्दछन् । जसको कूल जनसंख्या १०० छ, जसमा महिला ४६ र पुरुष को संख्या ५४ देखिन्छ । राष्ट्रिय तथ्याङ्कले यस गा.वि.स. का वोटेहरूलाई अन्यमा राखेको कारणले वोटेहरूको बारेमा खासै केही पनि पाइदैन ।

### ५.१.३ उमेरगत आधारमा जनसंख्या

कुनै पनि समुदायको सामाजिक, सांस्कृतिक अध्ययनमा त्यस समुदाय वा जातिका जनसङ्ख्याको सामाजिक जीवन अवस्थामा के कति उमेरमा मानिस सक्षम हुन्छन् । सक्रिय तथा निष्क्रिय के कति छन् भनी पत्ता लगाउन प्रस्ट हुने गर्दछ । उमेरगत आधारमा जनसङ्ख्याको विवरण तालिका नं. ५ मा दिइएको छ ।

## तालिका नं. ५ उमेरगत आधारमा जनसंख्या

| उमेर समूह वर्ग | कूल जनसंख्या | प्रतिशत | महिला सङ्ख्या | प्रतिशत | पुरूष | पुरुष प्रतिशत | महिला/पुरुष जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०-४ | ११ | ११ | ३ | २७.२ | ८ | ७२.७ | १०० |
| ५-१४ | २८ | २८ | १६ | ५७.१ | १२ | ४२.८ | १०० |
| १५-२५ | १९ | १९ | ७ | ३६.८ | १२ | ६३.१ | १०० |
| २६-३६ | १४ | १४ | ९ | ६४.२ | ५ | ३५.७ | १०० |
| ३७-४७ | १० | १० | ३ | ३० | ७ | ७० | १०० |
| ४८-५९ | १० | १० | ५ | ५० | ५ | ५० | १०० |
| ६०-६० वर्ष देखि माथि | ८ | ८ | ३ | ३७.५ | ५ | ६२.५ | १०० |
| जम्मा | १०० | १०० | ४६ | | ५४ | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका नं. ५ अनुसार उमेरगत आधारमा जनसंख्याको विवरणमा प्रस्ट हुन्छ । यस तालिकामा १० वर्षको फरकमा उमेर समूहहरू प्रस्तुत गरिएको छ । यस तालिका बाट के स्पष्ट हुन्छ भने उमेरगत आधारमा हेर्दा यस अध्ययन क्षेत्रमा ५ देखि १४ वर्ष समुहको जनसख्या वढि नै देखिन्छ । कुल वोटे सख्या १०० मध्ये यो सङ्ख्यामा २८ जना पर्दछन् । यसलाई प्रतिशतमा हेर्दा २८प्रतिशत हुन आउँछ । जुन सङ्ख्यालाई सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कम सहभागिता र व्यवहारीक ज्ञानमा कमी भएको समूह अर्न्तगत राखिन्छ । विद्यालय जाने उमेर संख्यामा गणना गरिन्छ । त्यस्तै ६० वर्ष भन्दा माथिको जनसंख्या कूल जनसंख्यामा ८ जना पर्दछन् । अर्थात् प्रतिशतमा ८ देखिन्छ । यस अध्ययन क्षेत्रमा प्रायः यो उमेरका मानिसहरू आफ्नो सांस्कृतिक परम्परा र रितीरिवाजको संरक्षणमा लाग्दछन् । १५-५९ सम्मका युवा युवती समूह र वयस्क समूह जसले आफ्नो सामाजिक सांस्कृतिक परम्परा तथा रितीरिवाज संस्कार जोगाउन थाले पनि विविध जनजातिको वासस्थान तथा संगतले यस क्षेत्रमा समस्या नै उब्जिएको देखिन्छ ।

### ५.१.४ सामाजिक संस्था

मानिस चेतनशील प्राणी हो । समाजमा बस्छ र संगठनात्मक रूपमा बस्न चाहन्छ । किनकि समाजबाट आफ्ना रितीरिवाज चालचलन, परम्परा, मूल्य र मायन्तालाई कायम राख्नुपर्दछ भन्ने प्रायः वोटे जातिमा पाइन्छ । यिनीहरूको संगठनात्मक रूपलाई हेदा डुङ्गा

चलाउँदा माछा मार्दा, जालहरू बुन्दा, पूजाआजा, विवाह, छेवार, न्वारन छैटीमा, मृत्यु संस्कारहरूलाई समाजका स्वीकृत व्यवहार अनुसार कार्य गर्दछन् ।

### ५.१.५ स्वास्थ्य र परिवार नियोजन

यस अध्ययन क्षेत्रका वृद्ध वोटेका भनाइ अनुसार शताब्दीऔं देखि शिक्षाबाट वन्चित वोटेहरूको स्वास्थ्य त्यति स्वस्थ देखिदैंन । आहार विहारमा ध्यान नदिने, पाए पेटभर खाने, नपाए भोकै बस्न सक्ने बानीको कारण जाँड रक्सी धेरै सेवन गर्ने वोटेहरूको औसत आयु औपचारिक छलफल अनुसार ५०-५५ वर्ष रहेको स्थानीय जानकार व्यक्तिहरूले बताए । अतः स्वास्थ्य सम्बन्धी चर्चा गर्दा उनीहरूको दैनिक-नन्दिनीमा उनीहरूकै आहार, बसाइ, शौचालयको स्थिति र परिवार नियोजन सम्बन्धित तथ्याङ्क सङ्कलन गरियो ।

### (क) शौचालयको स्थिति

वोटे समुदाय अझ पनि चेतनाको स्तरबाट तल नै परेको देखिन्छ । किनकि यो जातिका साना केटाकेटीहरू घर पछाडी, करेसातिर दिसा पिसाब गरेको र गराएको पाइयो । अलि ठूला केटाकेटी नजिकको जंगल छेउ, वारीको छेउ (ढिक) मा दिसा पिसाब गर्दछन् । त्यस बाहेकका ठूला व्यक्तिहरू चर्पी प्रयोग नहुनेहरू वन, खोला, खोल्सामा दिसापिसाब गर्दछन् । चर्पी हुने ५ घरमूलीको भने स-साना बच्चाबाहेका सबैजसो चर्पीमा दिसापिसाब गरेको पाइयो । चर्पीमा दिसा गरेपछि २ घरमूली खरानीले र ३ घरमूलीले साबुन प्रयोग गरेको पाइयो । जसलाई तालिकामा ६ मा देखिएको छ ।

**तालिका नं ६ : शौचालय प्रयोग गर्ने घुरमूली संख्या**

| चर्पी | घरमूली संख्या | प्रतिशत |
|---|---|---|
| भएको | ५ | २५ |
| नभएको | १५ | ७५ |
| | जम्मा २० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०६७*

तालिका नं. ६ अनुसार अन्य जाति समुदायको देखासिकी, चेतनशील युवाहरूको नयाँ शोच, चेतना र जोश जाँगर जस्ता कारणहरूद्वारा ५ घर परिवारमा शौचालय निर्माणगरी प्रयोग गरेका छन् । अन्य १५ घर परिवारद्वारा शौचालय तर्फ कम ध्यान पुग्नु नजिक वन छेउछाउमा दिशापिसाव गर्न समस्या नहुने जस्ता कारणले शौचालय निर्माण र प्रयोग तर्फ ध्यान पुग्न नसकेको स्थिति देखिन्छ ।

### (घ) परिवार नियोजन

गर्भधारण गर्नु स्वास्थ्यको दृष्टिकोणले राम्रो मानिदैन । झन् कलिलो उमेरमा महिलाले उमेर नपुग्दै (२० वर्ष) विवाह गर्ने वोटे समुदायमा परिवार नियोजन ठूलो महत्व र प्रयोग हुनुपर्नेमा कुनै वास्ता गरिएको छैन । २० घरमूलीमा १३ घरमूलीहरूले परिवार नियोजनको कुनैपनि साधन प्रयोग नगर्ने गरेको रहेछन् । ७ घरमूलीले कुनै न कुनै प्रकारको परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो ।

**तालिका नं. ७ परिवार नियोजनको साधान प्रयोग गर्ने घरमुली वोटेहरूको विवरण**

| घरमूली संख्या | प्रयोग गर्ने/नगर्ने | प्रतिशत |
|---|---|---|
| ७ | गर्ने | ३५ |
| १३ | नगर्ने | ६५ |
| जम्मा २० | | १०० |

*स्रोत स्थलगत सर्वेक्षण २०६७*

यस अध्ययन क्षेत्रका वोटे जातिको स्वास्थ्य र परिवार नियोजन प्रतित्यति बढी महत्व र चासो देखिदैंन । स्वयम सेवक, स्वास्थ्य कर्मीको जनचेतना, सन्तान धेरै हुँदा पर्ने समस्या जस्ता कारणद्वारा यस जातिका छ जना महिलाहरूले तीनमहिना सुई (डिपोप्रोभेरा) अस्थायी साधान प्रयोग गरिरहेको छन् । स्थायी परिवार नियोजन एक जना महिलाले मात्र गरेको पाइयो । पुरुषहरूले परिवार नियोजनका कुनैपनि साधन प्रयोग गरेको छैनन् । कामगरी खानुपर्ने अवस्था तथा साह्रो-गाह्रो ठुलाठुलाकाम (घर बनाउने, दारचिर्ने) पुरुषहरूद्वारा गर्नुपर्ने र ती काम गर्दा कमजोरी हुने डरले परिवार नियोजन तर्फ अगसर हुन नसकेको अवस्था देखिन्छ । सन्तान बढी भएका अझ बृद्धिगर्न नचाहेका चेतना स्तर केही उठेका महिलाहरूद्वारा परिवार नियोजनका साधन प्रयोग गरेको देखिन्छ ।

### ५.१.६ सामाजिक-राजनैतिक चेतनाको स्थिति

जसरी वोटेहरू शैक्षिक, आर्थिकरूपले पिछडिएका छन् त्यसैगरी सामाजिक-राजनैतिक चेतनाको स्तर पनि पछाडी परेको छ । लेखफर्सा ७ का वोटेहमरु यिनीहरू कुनै राजनैतिक दलमा आवद्ध भै सक्रिय रूपमा काम गर्ने गरेको पाइँदैन । मनोनित रूपमा २०४६ साल अगाडी एक जना वडा सदस्य हुनु भएको भएतापनि निष्क्रिय सहभागिता तथा अशिक्षाको कारणले गर्दा वोटे जातिको नामावली र उमेर पनि गल्ती हुन पुगेको देखिन्छ । ४ जना वोटे महिला र पुरूषको हालको वास्तविक उमेर ८० वर्ष कटेको भएपनि

नागरिकतामा ६५ वर्ष मात्र हुन पुगेकोले सरकारले दिने मासिक रु ५००।- वृद्ध भत्तामा समेत आघात पुगेको छ। भने कतिपयको मतदाता नामावली समेत राखिएको रहेन छ।

आज भोलि संघीय राज्यको चर्चा चलिरहँदा शिक्षाको ज्योतिबाट वञ्चित वोटे समुदायका २० घरलाई संघीय राज्य चाहिन्छ कि चाहिदैन भनेर सोधिएको थियो । संघिय राज्य बारेमा धेरै जसो वोटेहरू अन्यौल भएको र संघिय राज्य के र के गर्छ बारे स्पष्ट नभएको पाइयो ।

## ५.१.७ वोटे समुदायको अन्य समुदायसँगको सम्बन्ध

नेपाल एक बहुभाषिक, बहुजातिय एक पहाडी देश हो। यहाँ विभिन्न जातजाति एक अर्कासँग आपसमा मिलेर बसेको पाइन्छ । प्रत्येक गाउँमा विभिन्न किसिमका जातजातिले बसोबास गरेको पाइन्छ। प्रत्येक जाति एक अर्का सँग सम्बन्ध स्थापित गरिरहेका हुन्छन् ।

यस अध्ययन क्षेत्र अर्न्तगत बसोबास गर्ने वोटे जातिको सामाजिक रितीस्थिति, सांस्कृतिक परम्पराले अन्य जाति वा समुदायसँग नजिकको सम्बन्ध स्थापित भएको पाइन्छ। सामाजिक क्रियाकलापमा सबै समुदायका सबै जातिजातिको संलग्नता रहेको हुन्छ । यहाँ वोटे जाति लगाएत वाहुन, क्षेत्री, गुरुङ्ग, मगर ठकुरी र दलित जातजातिको बसोबास रहेको छ । युवा युवतीहरू एक अर्का जातिमा प्रेम विवाह गरी सम्बन्ध बढाएका छन् । बुढापाकाहरू मितेरी सम्बन्धद्वारा नातासम्बन्ध कायम गरेका छन् । वोटे जाति र अन्य जातिको सम्बन्धमा एक मार्मिक किंवदन्ती रहेको पाइन्छ। जस अनुसार त्रेता युगमा राजा दशरथले 'अष्टोमघ' यज्ञ लगाएछन् । त्यस यज्ञमा धेरै धेरै स्थानबाट धेरै निम्तानुहरूलाई निमन्त्रणा गरिएछ । त्यस निमन्त्रणामा पाल्नुहुने सम्पूर्ण भक्तजनहरूलाई समुन्द्र तार्नको लागि त्यस समुद्रमा डुंगा चलाउने माझीलाई जिम्मा दिइएछ। सम्पूर्ण भक्तजनहरूलाई तारिसकेर तिमीपनि यज्ञमा आउनु भनि निमन्त्रणा राजाले दिएछन् । राजाको आज्ञापालना गरेर त्यस माझीले दिन भर सम्पूर्ण भक्तजनलाई वार पार समुद्र तारेछ। साँझ यज्ञमा उ पनि गएछ। उ जान ढिला भएकोले यज्ञको कामपनि सकिएछ र प्रशाद देखि अन्य खानाका परिकार पनि सबै सकिएछ। राजाले आफूपनि भोकै भएको कुरा व्यक्त गरेछ र समुद्र तार्ने माझीपनि भोकै भएकोले नपकाएको दाल चामल पकाएर खान आग्रह गरेछ। दिनभरी भोकै पेटमा लखतरान भएर निम्तालु भक्तजनहरूलाई वारपार गराएर थाकेको त्यस माझीले राजाले दिएको त्यो सामल (दाल चामल), हातमा लिएछ र 'कसम' खाएछ । अब उप्रान्त हाम्रो जातिले कसैले पनि छोएको दाल र भात खाने छैन । यति भनेर त्यहाँबाट हिडेछ र नजिकैको ठूलो वोटमूनी खाना पकाएर खाएछ । यही किंवदन्ती अनुसार माझीलाई 'वोटे' भनिएको हो भनि उनीहरू भन्दछन् । वोटेहरूका केही वृद्ध व्यक्तिहरूले केही समय अगाडी

सम्म (दुई दशक) कुनैपनि जातले छोएको दाल भात खाँदैनथे तर हाल आएर आफूभन्दा माथिका र आफूसमानका जातले छोएको खाने गर्दछन् ।

यो किंवदन्ती वोटे जातिको खोज, अनुसन्धान गर्ने क्रममा वृद्धवोटे स्थानीय समाजसेवीद्धारा प्रष्ट्याइएको थियो ।

तथापी एउटा बेग्ले प्रसंगमा भने वोटे जातिको गुरूवा (देवीदेवता पुज्ने व्यक्ति) द्वारा वन देवता पूजा गर्ने गराउने चलन पाइन्छ । कुनै पनि समुदायमा बाघ, चितुवा जस्ता वन्य जन्तुले गाउँघर र गोठमा पसी पशुपंक्षीलाई मार्ने खाने गरी दुःख दिएको खण्डमा अन्य जाति वा समुदायले पनि गुरूबालाई पुज्ने चलन छ । गुरूबाको मन्त्रद्वारा जुन क्षेत्रमा बाँधिन्छ त्यो क्षेत्र नाघेर (पारगरी) अन्य क्षेत्रमा जानबाट बाघ, चितुवालाई रोक्दछ । त्यो काम गरेबापत समुदायको सबैले एक-एक पाथी अन्न उठाएर गुरूबालाई दिनुपर्ने हुन्छ । त्यस क्षेत्रका धेरै जसो समुदायको गुरूवा पुज्ने गरेका पाइन्छ । यदि गुरूबा नपुजेमा गुरूबा नै बाघ बनेर हामीलाई दुःख दिन्छ भन्ने विश्वासको साथसाथै चलन पाइन्छ । यो चलन हाल सम्म यथावत नै रहेको छ ।

## ५.२ सांस्कृतिक जीवन

### ५.२.१ रहनसहन

हरेक जातजातिको आफ्नै रहनसहन भएको हामी देख्दछौं । मानवसमाजलाई चिनाउने आधार नै उसले निर्माण गरेको संस्कृति हो । संस्कृतिको निर्माण, सर्म्बधन र पालनाले गर्दा नै मानव सभ्यता विकसित हुँदै गएको छ । यस अध्ययन क्षेत्रका वोटेहरू आफू भन्दा ठूलो वडाको आदर सत्कार गर्ने कोही पाहुना गएमा सम्मान, सत्कार सहित गुन्द्री, पिर्का दिई बस्न आग्रह गर्दछन् । यिनीहरू हिन्दुधर्म अर्न्तगतका अधिकांश चाडपर्वहरू मनाउछन् र यस क्षेत्रका वोटेहरू शिक्षामा पछाडि पर्नाका कारण अन्धविश्वास माथि विश्वास राख्दछन् । धामी, झाँकी लगाउने गर्दछन् भने आफ्नो धार्मिक गुरूलाई गुरूवा भन्दछन् । गुरुवाले थान वन वायु पुजा गर्ने पुजारी हुन्छ । गुरुवाद्धारा धार्मिक कार्य सम्पन्न गरिन्छ ।

### ५.२.२ खानपान

भौगोलिक अवस्था, खाद्यन्नको पर्याप्तता साथै धार्मिक आधारमा मानिसहरूका खानपान फरक फरक पाइन्छ । नेपाल बहुजातिय देश भएको हुँदा यहाँ विभिन्न जनजाति, जातिका आफ्नै छुट्टै प्रकारको खाना प्रयोग गरेको देखिन्छ । यस अध्ययनमा वोटे जातिको खानाको सम्बन्धमा अध्ययन गरिएको छ । वोटेहरू मतवाली जात भएकोले घरेलु जाँड

रक्सी, माछा, मासु लगायत कन्दंमूल, ढिंडो यिनीहरूको प्रिय खाना नै हो । यदाकदा जाँड रक्सी खाएर आपसमा झै-झगडा गरेपनि आपसमा नै मिलाउने भएकोले मुद्दा मामिला हालसम्म नै छैन । रोटी, ढिंडो आटो, भात, माछा, मासु नै मुख्य खाना हो । चाडपर्वमा सेल रोटी, जाँड, रक्सी, गिठा, तरुल, माछा, मासु र आफूसँग जे छ त्यही खान्छन् । कुखुरा, भैसी, राँगो, पाडो, बाखाका मासु खान्छन् । गाईको मासु खादैनन् । हिन्दुधर्मको अनुसरण गर्दछन् ।

### ५.२.३ भेषभुषा

शिक्षा र संचारको विकाससँगै भेषभुषामा निकै परिवर्तन आएको छ । वोटेहरूको मुख्य पहिचानमा पुरूषले पटुका, कमिज, टोपी, लगौटी महिलाहरूले गुन्यु, चोलो, पटुका, मजेत्रो साथै पुरूष तथा महिला दुवैले 'गादो' भिर्ने गरेको भेषभूषा वोटेहरूको छ । माछा मार्ने बेलामा लगाउने कपडा गादो हो । नाकमा बुलाकी, मुन्द्री मुँगाको माला गलामा, हातमा बाला महिलाहरूले लगाउने गर्दछन् । तर समयको परिवर्तनले गर्दा पुरूषहरू सर्ट, जिन्सको पाइन्ट, हाफपाइन्ट, टिसर्ट, भेष्ट लगाउँछन् । महिलाहरूले सारी, ब्लाउज, कुर्ता, सुरूवाल लगाउँछन् । स्कुले विद्यार्थी विद्यालयको पोषाकमा देखिन्छन् ।

### ५.२.४ मान मर्यादा र सत्कार

यस अध्ययन क्षेत्रका वोटेहरू आफूलाई हाल आएर वौद्धमार्गी भन्दछन् तर हिन्दु धर्मको अनुसरण गर्दछन् । यिनीहरूको हिन्दुका संस्कारसँग कुनै परिवर्तन छैन् तर वौद्ध मार्गीहरूले पुग्ने गरेको चन्डी पुर्णीमा (वैशाख पूर्णिमा) अनिवार्य रूपमा मनाउँछन् । विभिन्न जातजातिमा छुत र अछुत भन्ने भेदभाव राख्दछन् । आफू भन्दा उच्च जातको सबैलाई मान मर्यादा राख्दछन् । घरमा पाहुना आएमा गुन्द्री वा पिर्का ओछ्याई स्वागत सत्कार गर्ने गर्छन् । पाहुनालाई आफूसँग भएको खानेकुराले सत्कार गर्दछन् ।

### ५.२.५ मनोरञ्जन

वोटेहरू फुर्सदको बेला चाडपर्वमा भेला भई नाचगान गर्दछन् । वोटेहरूको सामूहिक रूपमा गरिने नाचगान कार्यक्रमलाई झाम्रे बस्ने भन्छन् । 'झाम्रे' विभिन्न चाडपर्व छैटी, न्वारन, पास्नीमा बस्ने गर्दछन्  मतवाली जात भएको कारण जाँडरक्सी खाएर युवा युवती लोक संस्कृति झल्कने लोक गीत गाउँदै नाच्छन् । अर्को मनोरञ्जनको साधन मुकुन्डो लगाएर खेल्ने खेल पनि एक हो । यिनीहरू मान्छे मरेकोबाट शुद्ध हुनलाई १२ औं दिनमा विभिन्न जनावरको मुकुन्डो लगाएर नाच्दछन् । अहिलेका युवायुवतीहरू रेडियो सुनेर मनोरञ्जन गर्छन । हाल पाँच घरमा मात्र बत्ति छ, टि.भि. भने कसैको घरमा छैन । विजुलीको लाइन भएपनि आर्थिक समस्याका कारण सबै घरमा बत्ती प्रयोग भएको छैन् ।

### ५.२.६ चाडपर्वहरू

नेपाल पहाडी, बहुसांस्कृतिक, बहुभाषा भएको देशमा आफ्नो जाति, स्तर, अनुसार मानिसहरू चाडपर्वहरू मनाउँछन् । हिन्दु धर्म अनुसरण भएकै कारण वोटेहरू पनि हिन्दु संस्कृति अनुसार नै चाडपर्व मान्दछन् ।  यस्ता पर्वहरू वोटेहरूले विशेष गरेर जाँड रक्सी खाएर मनाउँदछन् । तिजमा चेलीबेटी बटुल्ने, दसैंमा ठूलाबडाको हातको टीका र माला लगाउने, तिहारमा दिदी बहिनीको हातको टीका लगाउने, माघे संक्रान्तिमा कन्दमूल, गिठा, तरूल खाने, जेठास्ती पूर्णिमामा सेतो भेडा काटेर कुलान पूजा, वायु पूजा गर्दछन् । सेतो भेडा नहुनेले सेतो कुखुरा काटेर पुँजा विधि गरेर मनाउँदछन् । यिनीहरूको सांस्कृतिक परम्परामा आफ्नो जाति चिनाउने खालका आफ्नै किसिमका चाडपर्वहरू रहेका छन् । वोटे जातिहरूले मनाउने चाडपर्वहरू तल दिएको छन् :-

#### (क) चण्डी पूर्णिमा

वोटेहरू वैशाख पूर्णिमालाई चण्डी पूर्णिमाको रूपमा मनाउने गर्दछन् । बौद्धमार्गीहरू वैशाख पूर्णिमालाई बुद्ध जयन्तीको रूपमा मान्दछन् । प्रायः वोटेहरू एकदिन मात्र चण्डी पूर्णिमा मान्दछन् । जे होस् यो सामुहिक रूपमा मनाउने एउटा चाड हो । वोटेहरू पूर्णिमाको अघिल्लो दिन गंगामा स्नान गरी चण्डीको थानमा गई सफा गर्दछन् । मनका कुरा पुराहोस् भनेर बेलामौकामा गरिएका भाकलहरू पुरा भए पश्चात र हुने आशामा पुजा गरिन्छ । यो पूजामा वोटेहरू आफ्नै जाति वोटेबाट नै त्यस चण्डी पूजाका पूजारी जो तन्त्रमन्त्र विज्ञ छ, उसलाई चयन गर्दछन् । पूर्णिमाको दिन पूजा सामग्री तयार गरी चण्डीको पूजा गरेपछि अथवा कलश, बत्ती पूजा गरी सूर्यलाई प्रणामगरी राँगो काटी बलि दिन्छन् । त्यसपछि सम्पूर्ण उपस्थित वोटेहरू जाँड, रक्सी, मासु, प्रसाद खाई रमाइलो गर्दछन् । यस अध्ययन क्षेत्रमा महँगीको कारणले गर्दा राँगाको सट्टा कुखुराको बलि दिने चलन पाइन्छ ।

#### (ख) नाग पञ्चमी

ब्राह्मण क्षेत्री, मगर नेवारहरूले जस्तै वोटेहरूले नागको पूजा गर्दछन् । नागको पूजा गरेपछि त्यसवर्ष सर्पले टोक्दैन, चट्याङ्ग पर्दैन, बेलामा वर्षा हुने खडेरी नपर्ने, सुख समृद्धि हुन्छ भन्ने विश्वास रहेको छ । वोटेहरूले खेतवारीमा नागको थान बनाएर कागजमा नागको फोटो उतारी घरको मूलढोकामा टाँस्दछन् । कसै कसैले त वारिमा थान वनाई पुँजा गर्दछन् ।

**(ग) हरितालिका (तिज)**

विवाह गरेर आफ्नो घरमा गएका चेलीबेटीहरूलाई तिजमा माइत ल्याइन्छ । सम्पूर्ण चेलीबेटी जम्मा गरी अघिल्लो रात अनेक प्रकारका परिकारहरू बनाई मिठो भोजन खान्छन् जसलाई दर भनिन्छ । दर खाएको भोलिपल्ट नाचगान गरी बेलुका रमाइलो गर्दछन् ।

**(घ) दशैं**

अन्य जातिहरूले जस्तै वोटे जातिहरूले पनि आफ्नो आर्थिकस्तर अनुसार यो महान चाड मनाउँदछन् । उनीहरूको कुलायन पूजा पनि यसै अवसरमा गरिन्छ । घटस्थापनाको दिन जमरा राख्ने गर्दछन् । अष्टमीको दिनमा घरभित्र लिपपोत गरी कुल देवताको पूजा गर्दछन् । सेतो कुखुरा काटी बलि दिइन्छ । त्यसपछि जाँड, रक्सी, फलफूल कुल देवताको नाममा चढाइन्छ । दशमीको दिन आफू भन्दा मान्यजनबाट टीका र जमरा थापी आर्शिवाद लिइन्छ । विवाहिता महिला पुरूषले ससुरालीमा जाँड, रक्सी, राँगाको फिला, कुखुरा, फलफूल कोसेलीको रूपमा लैजानु पर्ने हुन्छ र आजकाल कुखुरा र खसीको चलन बढी रहेको छ ।

**(ङ) तिहार**

तिहार चाड वोटेहरूको दोस्रो ठूलो चाड हो । तिहारमा दिदी बहिनी कहाँ गएर टीका, माला लगाउने वोटहरूका परम्परा छ । दिदी बहिनी नभएमा फुपूसँग टीका लगाउँछन् । यदि दाजुभाइ उपस्थित नभए दाजुभाइको नाममा भित्तामा टीका माला लगाउने चलन छ । लक्ष्मीपूजाको दिन कुल देवता भनी वायुको, पूजा गर्ने चलन पाइयो । दशैंमा कुल पूजा गर्दा मासुको मात्रा बढी हुने हुँदा तिहारमा सारेको त्यहाँको वोटेहरू बताउँछन् ।

**(च) माघे संक्रान्ति**

माघे संक्रान्तिका दिन वोटेहरू हिन्दुधर्मालम्वी जस्तै तिलको घसेटाको आगो ताप्ने, नुहाउने, धुपबत्ति खोलामा लिएर बगाउने, चेलीबेटीलाई बोलाउने, टीका लगाउने, खिचडी पकाउने, गिट्टा, भ्याकुर, कन्दमूल, माछा, मासु, जाँड रक्सी खान दिने गर्दछन् । यस अध्ययन क्षेत्रका वोटेहरू भेरी नदीमा नुहाउने, केहीले भने टपरीमा बत्ति बालेर बगाउने तिलको घसेटा र दाउँरा बालेर आगो ताप्ने गर्दछन् । यसो गर्दा ग्रहदशा काटिने मान्यता रहेको छ ।

**(छ) चैते दशैं**

यहाँका वोटेहरूको अर्को महत्वपूर्ण चाड चैते दशैं हो । यस अवसरमा कालीमाई पुजा गर्दछन् । यस अवसरमा अष्टमीको दिन आफ्नो मूलघरमा लिपपोत, सफा गरेर

कालीमाईको पूजा गर्दछन् । कालीमाईलाई पाठो वा कुखुराको बलि दिइन्छ । सबै मिली कालीमाईका प्रसाद ग्रहण गर्दछन् । र पूजा समाप्त गर्दछन् । यस दिन वोटेहरू सती देवी र कालीको पूजा गरी खुशीयाली मनाउँछन् । सतीदेवी र कालीको पूजा गर्नाले राक्षसको पराजय गरी देवताको विजय हुने भएकोले सबै मानवलाई सुख शान्ति प्राप्त हुन्छ भन्ने विश्वास रहेको छ ।

### ५.२.७ पूजा आजा

गाईलाई पवित्र मानेर पूजा गर्ने, गाईको गँहुत चोख्याउन प्रयोग गर्ने, गोबर पूजा गर्ने ठाउँ चोखो बनाउन लिप्न प्रयोग गर्दछन् । देवी, देवता, स्वर्ग, नर्क र भाग्य जस्ता कुरामा यिनीहरू विश्वास गर्दछन् । शिक्षाको अभावका कारणले नविन सामाजिक चेतनाको कमी छ । मानवजागरणको कमी हुनुको कारण वोटेहरू झारफुक, लामा, धामी, टुनामुना, देवी देवताको भाकल आदि विश्वासहरूमा दृढ आस्था राख्छन् (शर्मा, २०४२:५४) । वोटे जातिमा बाबु लामा झाँक्री भए त्यो विद्या छोरालाई सिकाइन्छ । यिनीहरू भूत प्रेतमा विश्वास गर्दछन् । अध्यारोमा बिना उज्यालो भिर पाखाहरूमा पनि हिड्न सक्नु तथा रातमा पनि नदी तीरैतीर हिँड्नु विशेषता मान्नुपर्छ । वोटेहरू भूतप्रेतसँग डराउँदैनन् त्यसैले वोटेहरूलाई भूतप्रेतले छल्दैन भन्ने विश्वास छ । यिनीहरूका पूर्खा भूत प्रेतसँग मित लगाएर प्रशस्त धन सम्पत्ति ल्याउन सक्थे भन्ने कथन छ (वश्याल, २०३८ : ५३) । यस अध्ययन क्षेत्रको वोटेहरूसँग पनि भेरी नदीको किनारमा राती रातीसम्म पनि हिड्ने, माछा मार्ने भुतप्रेतले छल्दैन भन्ने जनविश्वास छ । जे होस्, वोटेहरूमा झारफुक, टुनामुना पूजाआजामा बढी विश्वास छ । यिनीहरूका केही परम्परागत प्रचलनहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :-

#### (क) वायु पूजा/कुल पूजा

मरेका मान्छेले वायुको रूपमा रही अरू परिवारलाई दुःख नदियोस् भन्ने ठानी यो पूजा वडा दसैंमा गरिन्छ । यो पूजालाई कुल पूजा पनि भनिन्छ । यस क्षेत्रका वोटेहरूले पुष मसान्तिका दिन रातभर जाग्राम वसि भोलिपल्ट माघे संक्रान्तिको दिनमा बिहानै उठी भेरी नदीमा गई नुहाई आफ्नो कुलको नाममा टपरीमा बत्ति बाली एक मुठी चामल, रोटी, मासको दाल, अदुवा, सुन्तला, केरा आदि कुलको नाममा अर्पण गर्दछन् र चेलीबेटी ज्वाईंलाई टीका लगाई दान दक्षिणा दिन्छन् । दशैमा र तिहारमा आफ्नै घरमा पाठो वा कुखुराको बली दिई कुलको पुँजा गर्दछन् । वोटे जाति मरेको पित्रिहरूको श्राद्धहरू गर्दैनन्/वर्षमा दुईपटक (असोज र माघ) महिनामा पित्रिको नाममा वायु पूजा गर्दछन् ।

### (ख) वनदेवी

वोटेहरू जंगली जनावरबाट रक्षा हुने उद्देश्य लिएर वनदेवीको पूजा गर्दछन् । सेतो कुखुरा वा परेवाको बली दिई वनदेवीको पूजा गरिन्छ । वनदेवीको पूजा गरे वनका जनावर बाघ, भालुबाट बच्न सकिन्छ । गुरूबाले पूरा वन वाधेको हुन्छ त्यो जंगलमा बाघ भालु नआउने र गाँउ घरमा पस्न नसक्ने जनविश्वास रहेको छ । यो परम्परा हाल सम्म पनि यथावत नै छ । दिन हेराएर जुरेको दिनमा वनको पूजा गरिन्छ ।

### (ग) जलदेवी

वोटेहरू प्राय: पानीमा आफ्नो समय बिताउने र पानीबाट नै जीवन निर्वाह हुने हुँदा जलदेवीको पूजा गर्दछन् । जलदेवी खुशी हुन्छन् भन्ने जनविश्वासका साथ नदीको किनारमा पूजा गर्ने गर्दछन् । माछा प्रशस्त पाउने र डुङ्गा नपल्टियोस् भनेर पूजा गरेको विश्वास पाइन्छ । पानीको काम परेको खण्डमा (माछा मार्ने, डुङ्गा चलाउने) काममा सुरुमा यो पुँजा नदीको तिरमा गएर गरिन्छ ।

### (घ) भिमसेन पूजा

वोटेहरू भिमसेनलाई ठूला इष्ट देवता मानी पूजा गर्दछन् । भिमसेन घर गोठका देवता हुन् । यिनको पूजा गरे घर गोठको रक्षा हुने विश्वास गर्दछन् । घर भित्र लिपपोत गरेर भण्डारमा गाडिएको ढुङ्गा नजिक पातीको वा दुवोको लिंगो गाडी ध्वजा लगाएर फूल अक्षताले पूजा गरिन्छ । यो पूजा घरको मूलीले गर्दछन् । यो पूजा नयाँ वाली स्यारेर घरमा राखी सकेपछि गर्दछन् । यसले नयाँ अन्नको भित्राएर देवताको पूजा गर्नु पर्ने मान्यता राख्दछ ।

### (ङ) सेतु वराहा (माईपूजा)

यो भाकल अनुसार जेठ पूर्णिमा, मंसिर पूर्णिमामा गरिने पूजा हो । यस भाकल अनुसार पाँडो, कुखुरा, परेवा, पाडीको बलि दिइन्छ । माई पूजा गर्नाले वर्षभरि, दादुरा, ठेउला, विफर, हैजा, जस्ता रोग व्याधि लाग्दैन भन्ने जनविश्वास छ । यस अध्ययन क्षेत्रका वोटेहरूले भेरी नदीको किनारमा माईको मन्दिर बनाएका हुन्छन् । माईको भाकल गरि पुँजा गरेमा आकस्मिक समस्यालाई पुरा हुने विश्वास वोटेहरू लिन्छन् ।

## ५.३ सामाजिक संस्कार

संस्कृति भनेको मानवको जीउने शैली हो । आफ्नो सांस्कृतिक दर्शन र परम्परालाई औल्याउँदै, पालना गर्दै अथवा मान्दै आएको विभिन्न सामाजिक संस्कार जुन जन्म देखि

मृत्युसम्म गरिन्छ । परम्पराहरू सबै धर्ममा आधारित हुन्छन् । धर्म त्यो वस्तु हो यसले मानिसलाई आफ्ना मूल्य र मान्यता अँगाल्दै, सामाजिक प्राणी बनाउँदै सत्मार्गमा हिँडाउँदछ । पहिले पहिले समाजमा शान्ति सुरक्षा कायम राख्नको लागि नै धर्मको प्रार्दुभाव भएको पाइन्छ । मानव जातिले गर्ने सम्पूर्ण धर्म, कर्म समाजमा सजिलै सँग स्विकारिन्छ त्यो नै वास्तविक रूपमा संस्कार हो । वोटे हिन्दुधर्म अनुसरण गर्ने भएकोले हिन्दु संस्कृति अनुसार मनाइने सबै जसो सामाजिक चाडपर्वहरू मनाउँदछन् । वोटे जातिको संस्कारका बारेमा तल वर्णन गरिएको छ :-

### ५.३.१ जन्म

वोटे जातिमा जब बच्चा जन्मन्छ । सुढेनीले बच्चाको नाल काटेपछि नदीमा लगेर वा घरैमा नुहाउने चलन छ । जब बच्चाको नुहाउने काम सिद्धिन्छ तब बच्चाको नाममा बत्ति बालिन्छ । त्यो बत्ति ननिभाई छ दिनसम्म राख्नु पर्दछ । बच्चाको (छोरा/छोरी) ६ दिनमा छैटीका नाचगान गर्दछन् । तर यस अध्ययन क्षेत्रका वोटेहरू बच्चालाई नदीमा नलगी घरमा नै नुहाईदिने गर्दछन् ।

### ५.३.२ छैंटी

वोटे जातिमा छैंटीको अति महत्व छ । वोटेहरू बच्चा जम्मेको छैटौं दिनमा रातभर जाग्राम बस्दछन् । त्यस रातमा झाम्रे नाच्ने, दोहोरी गीत गाउने, जाँड, रक्सी, मासु, माछा खान्छन् । चाहे छोरा होस् या छोरी जति बच्चा जन्मे पनि छैंटी सबैको नै गर्दछन् । भोलिपल्ट सबै आगन्तुक अर्थात् सहभागीलाई टीकाटाला लगाइन्छ । सम्पूर्ण आगन्तुक, दिदी बहिनीहरूले बच्चाको दीर्घायुको कामना गरी फर्कन्छन् । छैंटीमा सुढेनीलाई नयाँ कपडा दिन्छन् ।

### ५.३.३ न्वारान

जुन दिनमा हिन्दु समाजमा नवजात शिशुको नाम राखिन्छ त्यस दिनलाई न्वारन बुझिन्छ । वोटेहरूमा न्वारानको दिन सूतकलाई चोख्याउने र बच्चाको नाम राखिने काम हुन्छ । वोटे जातिमा छोरीको ९ र छोराको ११ दिनमा न्वारन गर्दछन् । बच्चाको नाम राख्दा धामी, झँाक्रि वा ब्रामणलाई हेर्न लगाइन्छ । गाईको गँहुतमा तामाको पैसा राखी दुवोपानीद्वारा चेलीवेटी वा ज्वाँइले गँहुत छर्किए पछि सुतक चोखिन्छ । यस क्षेत्रका वोटेहरू ७ र ९ वा बिजोर दिनमा पनि न्वारान गर्दछन् । पहिला पहिला वच्चाको नाम बारको आधारमा राखिन्थ्यो । जस्तै आइतबार जन्मे छोरा-आइतबहादुर, छोरी भएमा आइती हुन्थ्यो । वारको आधारमा नामाकरण राख्ने चलन हट्दै गएर आफ्नो चाहना अनुसार नाम राख्ने

गरेको देखिन्छ । न्वारानको दिन उपस्थित सबैलाई मिठो खान दिने र रमाइलो गरी बिताउँछन् ।

### ५.३.४ पाशिन (भात-खुवाइ)

वोटे समुदायको अर्को मुख्य संस्कार पाशिन हो । छोरा भए ६ वा ८ महिना र छोरी भए ५ वा ७ महिनामा भात खुवाई हुन्छ । वोटेहरू भात खुवाईको दिन गाउँकै वयोवृद्ध आफ्नै जातको व्यक्तिले तामाको पैसाले भात मुखमा खुवाईदिन्छन् । बच्चालाई नयाँ कपडा दिन्छन् । यहाँका वोटेहरू पहिलो बच्चा मृत्यु भएमा पुनः अन्य बच्चालाई केही नहोस् भनी भात खुवाउने दिन कामीलाई तामाको बाला बनाउन दिने र लगाईदिने गर्छन् । बच्चालाई तुलोमा जोख्ने, जुठोमा लट्पटाउने र जोगीलाई क्षणिक समयको लागि बेच्ने गर्छन् । जोगी त्यहीँ घर वरिपरि तीन पटक घुम्दछ । यसरी झोलीमा चामल पैसा दिएर बच्चालाई किन्दछन् । जोगीलाई पहिला नै बोलाइन्छ । यसो गरेमा बच्चाको आयु लामो हुने विश्वास छ ।

### ५.३.५ छेवार

बच्चाको अर्थात् छोराको पहिलो पल्ट कपालको रौं खौरने प्रथालाई छेवार भन्ने गरिन्छ । छेवार गर्दा मामाले खुट्टामा साङ्लाले वाध्ने, हातखुट्टामा चाँदीका वाला, र कानमा मुन्दिर लगाउने नयाँ कपडा लगाएर कपाल काटिदिने गरिन्थ्यो भन्ने उनीहरूको भनाइ छ । हाल यस्तो चलन कम भेटिन्छ । त्यसपछि इष्टमित्रलाई खाना खुवाइन्छ । तर स्थिति कमजोर भएकाहरूले मामाले भान्जालाई पिपलको रूखमुनि राखी कपाल काट्छन् र माइतीखलक वा बच्चाका मावलीहरूलाई मात्र भोज गर्ने गर्दछन् । सके मामाले गहना दिन्छन् नसके पैसा दक्षिणा र कपडा दिन्छन् ।

### ५.३.६ विवाह

युवा युवती बीच स्थापित हुने दाम्पत्य सम्बन्धलाई सामाजिक मान्यता प्रदान गर्नु नै विवाह हो (शर्मा २०४२:२८) । नेपाली समाजमा मूलुकी ऐनले विवाह गर्दा आफ्ना हाडनाता बाहेक आफ्नो इच्छा अनुसार राजी खुशीले विवाह गर्न काननले छुट दिएको छ (मूलकी ऐन २०२० महल १) । वोटे जातिमा प्रायः केटाहरूको १४ वर्ष देखि विवाह सुरू हुन्छ भने केटीहरूो १२ वर्ष देखि विवाह हुन्छ । यिनीहरूलाई मूलुकी ऐनले अहिलेसम्म कुनै असर गरेको छैन । वोटे जातिमा विवाह गर्दा उसका नजिकका जाति गुरूङ, मगर, र वोटे सँगै हुने गरेको देखिन्छ । यिनीहरूमा मामाको छोरी विवाह गर्न हुने तर फूपूको छोरी विवाह गर्न नहुने चलन छ (विष्ट, २०३०:१४३) । जे होस् वोटेहरू मुख्य रूपमा मागी र प्रेम विवाह नै गर्ने गर्दछन् । जसलाई तल प्रस्ट पारिएको छ ।

### (क) मागी विवाह

यस विवाह पद्धतिमा केटा केटीको नभै उनका बाबु, आमा अथवा दुवै पक्षका अभिभावकहरूको मञ्जुर भएपछि विवाह गरिन्छ । वोटे जातिमा सर्वप्रथम केटा केटी पक्षसँग केटीको माग गर्नुपर्छ । केटा पक्षबाट केटी माग्न जाँदादेखि विवाह पश्चात पनि विभिन्न कर्महरू गरिनुपर्छ । पहिलो चरण : यसमा 'मगनी' कार्य हुन्छ । केटापक्षहरू केटी पक्षको घरमा जान्छन् । केटा पक्षबाट दुई बोतल रक्सी र मासुहरू लगिन्छ । केटी दिन मञ्जुर भएमा उक्त खसीको मासु केटी पट्टीबाट स्विकारिन्छ । दुवै तर्फका बसी त्यही रक्सी, मासु खुशीका साथ खान्छन् जसलाई ठेकी लगाइयो भन्दछन् ।

**दोश्रो चरणमा** : थाप कटनी भनी केटा पक्षबाट ज्वाँइले केटीको घरमा भाले र पोथी कुखुरा लगी केटीको घरको ढोकामा केराको पात ओछ्याएर दुई तर्फ बत्ति बाली उक्त लागेको दुवै भाले पोथी काट्छन् । दुवैका रगत हेरिन्छ । भालेको रगत चहकिलो भयो भने केटाको ग्रह बलियो वा चम्किलो र पोथीको भए छोरीको ग्रह बलियो र चम्किलो मानिन्छ ।

**तेश्रो चरण** : सोधनी हुन्छ । जसमा केटा पट्टीमा ५/७ बोतल रक्सी लगिन्छ । कतिजना जन्ती आउने, कहिले आउने भनि विवाहको समय निश्चित गर्दछन् । जुन दिन विवाह हुन्छ त्यही दिन जन्ती जानु भन्दा पहिला दुलाहाले घरमा आफ्नो जन्म दिने आमाको स्तनपान गरेर आमालाई आफूले सक्दो पैसा वा कपडाहरू पाप कटनी भनी दिइन्छ । त्यसपछि कलश र बत्ति बाली जन्तीहरू बेहुलीका घरतिर प्रस्थान गर्दछन् । रातभर उक्त  बत्ति बाली राख्नुपर्छ र भोलिपल्ट दुलही लिई फर्कदाँ उक्त बत्ति बालेरै दुलाहाको घरमा ल्याउनुपर्छ । विवाहमा दुलाहाले दौरा, सुरूवाल, केटीले सारी चोलो लगाउँदछन् तर आजकाल यस अध्ययन क्षेत्रमा दौरासुरुवालको सट्टामा सर्ट, पाइन्ट, कोट लगाउने चलन छ । त्यसै गरी दुलहीले सारी ब्लाउज नै प्रयोग गरिएको देखिन्छ । त्यसपछि माइती तर्फबाट सम्पूर्ण जन्तीहरूलाई टीका लगाई विदा गरिन्छ । यस क्षेत्रका वोटेलाई डोलीमा राखेर ल्याउँदैनन् । वोकेर वा हिडाएर ल्याउँछन् दुलही घरमा ल्याएपछि फेरि कसको शक्ति बढी भनी जाँच्न घरतर्फको भाले र पोथी एक एक कुखुरा काट्छन् । भाले चाँडो मरे केटा कमजोर र पोथी चाँडो मरे महिला कमजोर भनी उनीहरू परीक्षा गर्दछन् । यस्तो गर्दा केटी र केटाको गृहदशा बारे बुझिन्छ । विवाह भएको तीन दिन पछि दुरान फर्काइन्छ । दुरान फर्काउँदा रक्सी, रोटी, बोकाका साँप्रा (खुट्टा) लिई जानु पर्दछ । दुरानमा केटी पक्षका माइतीहरू लिन आउँछन् । विवाहको पहिलो वर्षमा दसैंमा भाले कुखुरा एक र गच्छे अनुसार रक्सी, बोका, खसीको साँप्रा (खुट्टा) लैजानुपर्दछ । सम्धी सम्धी ढोग फुकाउँदा केटाको घरमा ३ दिनसम्म ३ पटक दुवै सम्धीले नमस्कार गरी ढोग फुकाउँछन् । ज्वाँइले सासुलाई दुधेलो गुन्यु र केही पैसा राखेर ढोग गर्नु पर्दछ । हाल यस अध्ययन क्षेत्रमा प्रेम विवाहको चलनले क्रमशः घट्दै जाने क्रम बुढाहरू वताउँछन् ।

### (ख) प्रेम विवाह

केटा केटीहरूको आमाबुबाको वा अभिभावकको इच्छाले नभै आपसी मन मिली अर्थात् माया बसी गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । वोटे समाजमा प्रेम विवाहको प्रचलन क्रमिक रूपमा बढ्दो देखिन्छ । यस अध्ययन क्षेत्रका वोटे जातिमा यदि आफ्नै जातभित्रको केटाकेटी बीचमा प्रेम विवाह भए सामाजिक मान्यता दिन्छन् अन्यथा दिँदैनन् । सांस्कृतिक, सामाजिक मर्यादामा राख्दैन । यदी आफ्नै जातभित्र प्रेम विवाह भए जब केटाले केटीलाई भगाएर लैजान्छ त्यसबेला दुलाहातर्फको भेला भई बस्दछन् । मूल ढोकामा फूलले सजाएरको कलश पानी राखिन्छ । दुलाहाले दुलहीलाई रातो टीका लगाई दिन्छ । त्यसपछि दुलहीले उपस्थित सम्पूर्ण इष्टमित्रलाई दर्जा अनुसार अभिवादन गर्दछिन् । सबै जना मिली जाँड, रक्सी मासु खाई रमाइलो गर्दछन् । अर्को चरणमा माइतीको समर्थन नभए ढोगभेट फुक्दैन । समर्थन भएमा सगुन सहित जन्ती जान्छन् र अन्य विधि मागी विवाह सरह हुन्छ ।

अर्का जातसँग वोटे केटाले विवाह गरेमा यदि पानी चल्ने जात भए बाहिर राख्ने र पानी अन्य खाने कुरा चले पनि दाल, भात, ढिडो विशेष गरी कुलायनमा नचल्ने हुन्छ । यिनीहरूबाट जन्मीएका छोरा छोरीलाई भने पानी चल्ने बनाइन्छ । यस कार्यमा (चार थुम्का) चार ठाउँबाट वोटे बोलाएर दाल, भात, ढिडो, सिस्नु घर बाहिर पकाएर उक्त खाना कुल देवतालाई चढाएर यी बच्चा आफ्नै भए अब यिनीहरूको खाना पानी चल्छ  भनी सबै मिली खाना खान्छन् । तर यति गरे पनि आमाको चाहिँ दाल, भात, ढिडो चल्दैन । पानी नचल्ने जातसँग वोटेको प्रेम विवाह गरेमा सानो जातमा गएको भनि काजकिरिया सबै हटाउँदछन् ।

### (ग) अन्य विवाह

अन्य विवाह पद्धतिमा जारी विवाह पनि एक हो । एकपटक विवाह भएको स्त्री आफ्नो लोग्नेलाई छोडी अन्य जात वा आफ्नै जातिकै व्यक्तिसँग विवाह गरेमा वा पोइल गएमा पोइल लैजाने (दोस्रो विवाह गर्ने) केटाले पहिलोलाई जारीको रूपमा दस्तुर बुझाउनु पर्दछ । वोटे जातिमा जारी विवाह हालसम्म केटाको सङ्ख्या छ जना पाइन्छ । केटी (छोरी) ३ जनाले अन्यत्र जातमा श्रीमान् छोडेर अर्का विवाह गरेका छन् ।

वोटेहरूमा विधवा विवाहलाई पनि मान्यता दिएको पाइन्छ । वोटेहरूमा विधवा भाउजु विवाह गर्न पाइने तर विधवा भाइ वुहारी विवाह गर्न पाइदैन (विष्ट, २०३०:१४३) । यस अध्ययन क्षेत्रका वोटे समुदायमा भाउजु विवाह पहिले पहिले भएको तर अहिले आएर यस्तो विवाह प्रचलनमा नरहेको पाइयो । भाउजूलाई सम्मानित रूपमा हेरिएको देखिन्छ ।

### ५.३.७. मृत्यु संस्कार

मानिसको मृत्युपछि गरिने संस्कार समुदाय अनुसार आदिका पृथक-पृथक हुन्छन् । वोटे जातिको पनि आफ्नै किसिमको संस्कार पाइन्छ । यस अध्ययन क्षेत्रका वोटे जातिले हिन्दु धर्म मान्ने भएकोले मृत्यु संस्कारमा पनि हिन्दुको जस्तो संस्कार देखिन्छ । यस जातिमा मानिस अन्तिम अवस्था भएपछि घर बाहिर ल्याई सुताउँछन् । त्यसपछि सुनपानी मुखमा राखीदिन्छन् । जब मृत्यु हुन्छ त्यसपछि सेतो कोरा कपडाले ढाक्छन् । मृतक शरीरलाई बोक्नको लागि बाँसका घाराहरू ल्याई वावियाको डोरीले ३ ठाउँमा मृतक शरीरलाई कस्दछन् त्यसपछि घाटतिर लैजान छोरा भतिजा नजिकका दाजुभाइले पालोपालो काँधमा बोक्दछन् । लासको पछि पछि बुर्कि छर्ने (धान) चलन पनि छ । राते खोला वा भेरी नदी किनारमा पुऱ्याएपछि खाल्डो खन्दछन् । त्यसपछि त्यही खाल्टोमा सेतो कपडा ओछयाउँछन् र ३ पटक सम्म खाल्डो वरपर घुमेर खाल्डो भित्र लासलाई उत्तानो पारी सुताउँछन् त्यसपछि छोरा, छोरा नभए अविवाहित छोरी, अविवाहित छोरी नभए सजातिय विवाहित छोरीले मुखमा दागबत्ती दिने गर्दछन् । त्यसपछि त्यही सेतो कपडाले मृतकको मुख छोपिन्छ । खाल्टोलाई स्याउला, बालुवा, माटो ढुङ्गाले पुर्दछन् । मृतकका कपडा, बाँसका घार, खाल्टो खन्दा प्रयोग भएको औजार त्यही मृतक गाडेको खाल्डोमाथि फालिन्छ । मृतकको खानेकुरा र वस्तुहरू मृतक सँगै पुर्ने चलन पनि छ । त्यसपछि किरियापुत्री, दाजुभाइ, ज्वाईचेला,मलामी सबैले कपाल खौरेर नुहाउँछन् । चेलीबेटी अन्य महिलाहरूले त्यत्तिकै नुहाउँछन् । यदि किरीयापुत्री छोरी भएमा उनले कपाल खौरिन्छिन् । घाटबाट घर फर्कदा बाटोमा मलामी सबैलाई रक्सी विस्कुट खानदिने र त्यो खर्च चेलीबेटीले व्यहोर्ने चलन पाइन्छ । पहिला पहिला जाँड रक्सी, कन्दमुल खानदिने चलन रहेछ । मलामी सबैले सुनपानी खाने र धुप सल्काएर घर फर्कने गर्दछन् । किरीया पुत्रीलाई बस्नको लागि घर नजिकै एउटा झुपडी बनाइन्छ । मृतकको सम्झनामा मुर्ति बनाउने, केरा पकाउने (एक घरीकेरा पकाउनु पर्न चलन गर्दछन्), अर्को झुपडी सँगै बनाइन्छ । त्यहि झुपडीमा अविवाहित छोरीहरू र सजातिय विवाहित छोरीहरू नाचगान गर्ने, केरा पकाउने मुर्ति बनाई राख्दछन् । किरीया पुत्रीहरू झुन्ड्याइएको माछामार्ने जालभित्र बस्ने गर्दछन् । आफ्नो जात बाहेक कसैसँग बोल्दैनन् र छोइने पनि गर्दैनन् । किरीया पुत्रीहरूले भात र अदुवा, बाहेक पोलेका केरा ३ कोसा खान्छन् । दिनभरी किरीयापुत्री नदी किनारमा बस्दछन् र साँझ घर फर्कन्छन् । वोटे समुदायमा "साँच राख्ने" भन्ने चलन छ । मरेको दिन एक माना चामल पकाएर जाँड राख्ने र ७ दिनमा एक घरी केरा गीत गाएर पकाइन्छ । गीत गाएर १२ दिनमा निकालिन्छ । यदि दोमासे पर्ने भएमा ३ दिन पुगेपछि १३ दिन नपुगेपनि चोखाइन्छ । त्यसो भएमा केरापकाउने, मुर्ति बनाउने काम अगाडी नै गर्ने चलन छ ।

वोटे जातिको पुरूष मान्छे मरेमा पिठोको  दावो, डुङ्गा जाल बनाउने, महिला मरेमा पिठोकै डाडु, पनियो, भडु बनाएर तेलमा पकाउने गरिन्छ । चोखिने दिनमा मुर्ति सेलाउनु

पर्ने भएकोले तीनकुने बाँसको टुक्रोलाई फेटा वा खाली कपडाले छोप्ने र किरीया पुत्री सँगै रहेको अर्को झोपडी भित्र राखिन्छ र चोखिने दिन गीत गाउँदै नदीमा लगेर सेलाइन्छ । यो प्रचलनले अन्य बरखी वा श्राद्ध गर्न नपर्ने मान्यता रहेको  छ । पित्रीको नाममा वायु पूजा वर्षमा दुई पटक (असोज, माघ) गर्न चलन छ ।

वोटे जातिको मृत्यु संस्कार केरा पकाउने, मुर्ति बनाएर सेलाउने नाचगान सम्पूर्ण कामहरूमा छोरीहरू (अविवाहित) वा आफ्नो जातमा विवाह गरेका छोरीबहिनीहरू, ज्वाई चेलाहरूको प्रमुख स्थान रहन्छ । छोरी बहिनी वोटे बाहेक अन्य जातमा विवाह गरेको भएमा मृत्यु संस्कारमा समावेश हुन नपाउने र अलग रहनुपर्ने मान्यता रहेको छ ।

वोटे समुदायको मृत्युसंस्कार मनोरञ्जन जस्तो देखिन्छ । यस अध्ययन क्षेत्रका वोटे जातिको सांस्कृतिक मान्यता अनुसार मानिस मरेपछि दु:खका दिनहरू त्यागेर सुख प्राप्ती गर्दैछ भन्ने मान्यता छ । मृतक आत्मालाई आँसुले मात्र नभै हाँसो र खुसी बाँडेर विदा गर्नुपर्दछ । यदि त्यसो गर्न नसके मृत आत्माले भूत-प्रेत बनेर दु:ख दिई रहन्छ भन्ने पौराणिक मान्यता भएको पाइन्छ ।

किरीया पुत्रीले प्रत्येक दिन नदीमा नुहाउने, ज्वाईले चुलो बनाई दिने, एक छाक खाने, अरूसँग नबोल्ने र नछुइने जस्ता चलन देखि ३ दिन नदी किनारमा बस्ने, छाक बार्ने चलन छ । पहिलो दिन ज्वाई चेलाले कुरेर बस्दछन् । त्यसलाई मूल किरीया भन्दछन् । प्रत्येक दिन १ मुट्ठी चामल अरू चामलमा मिसाई किरीया पुत्रीलाई दान दिइन्छ । किनकि हरेक दिन मृतक आत्माले चोला फेर्दछ भन्ने जन विश्वास पाइन्छ । ११ दिनको दिन पुरूष भए बोका र स्त्री भए पाठी काटिन्छ र उक्त रगत सालको पातको दुनामा राखी ३ पटक मुखमा राखी कुल्ला गर्ने गरिन्छ (पौडेल, २०५६:५७) । १२ औं दिनमा किरीया बसेको ठाउँमा भैंसीको बलि दिई नाचगान गर्ने, भोजभतेर गर्ने प्रचलन छ र वोटेको मृत्यु संस्कारमा भैंसी नभै मृत्यु संस्कार पूरा हुँदैन (ज्ञवाली, २०५१:९) । तर यस अध्ययन क्षेत्रका वोटेहरू गरिबीको कारणले यी प्रचलनहरू छाड्दै गएको देखिन्छ ।

सामान्य तथा १३ औं दिनमा शुद्धि गर्ने प्रचलन छ । हाल ३, ५ र ७ दिनमा चोखिने गरेको देखिन्छ । किरीयापुत्रीले ओढ्ने कपडा सेतो बाहेक अन्य कपडा सबै लगाउँदछन् । यस अध्ययन क्षेत्रमा सूचना संकलन र घरधुरी सर्वेक्षण गर्ने क्रममा मृत्यु संस्कार अवलोकनका क्रममा वोटे जातिका मृत्यु संस्कारका गीतहरू सुन्ने मौका परेको थियो ।

### १. मृत शरीरलाई घाटमा लैजाने क्रममा गाइने गीत

नरोइ बसे दिदी र बहिनी अब त जाने हो
नरोइ बसे इष्ट र मित्र अब त जाने हो
नरोइ बसे आमा र बाबु अब त जाने हो
यसैगरी सम्पूर्ण मृतकका नाता सम्झेर गीत गाइन्छ ।

२. **मृतकको मूर्ति नदीमा सेलाउँदा गाइने गीतहरू**

केरा पकाउँदा देखि मुर्ति सेलाउँदा सम्मको (एक शब्द नदोहोऱ्याएर)

अजुवारी केराघारी चम्फै पकाई हुँ
हजारी फुल टिपेर सिरैमा कोचिदेऊ ।

**३. चोखिने दिनमा पानी लिन जाँदा**

कतिमा दुरू कतिमा दुरू चम्फै रानी पँधेरो
आइमा पुगे आइमा चम्फै रानी पँधेरो
धारा खनेउ, कुवा खनेउ पानी किन न
रूढेर गाडेउ कपडा गाडेउ पानी किन न
रूढेर गाडेउ कपडा गाडेउ पानी भर न

**४. पानी भरेर फर्केदा**

कतिमा दुरू कतिमा दुरू चम्फै रानी गाउँ
आफू नाइजेन बाबु नाइजेन पानी निखन
दाइ छैनन कोही छैनन पानी निखन

**५. मुर्ति लगेर नदीमा सेलाउँदा**

सुवेर चल्यो मान्छे चली, चली जाउँ देशैमा
सुवेर चल्यो मान्छे चली, चली जाउँ गावैमा
पैताला सम्म पानीले भेटायो चली जाउँ देशैमा
तिर्घै सम्म पानीले भेटायो चली जाउँ देशैमा
यस्तै गरी क्रमिक रूपमा घुडा समम, साँप्रै सम्म, कम्मर, छाती, शिरसम्म
पानीले भेटायो चली जाउँ देशैमा

किरीयापुत्री, चेलीबेटी लगायत सम्पूर्ण आफन्तहरू चुर्लुम्म नदीमा डुब्दछन् । अनि मात्र मुर्दा चोखिन्छ भन्ने मान्यता रहेको छ । मुर्दा सेलाएपछि बत्ती बालेर नदीमा बगाइन्छ । मूर्ति सेलाएर फर्कने सबैले बत्तीलाई ढुङ्गाले हान्दछन् । अनि बत्ती डुब्दछ मुर्दा चोखिन्छ ।

# अध्याय : छ
# आर्थिक अवस्था

कुनै पनि आर्थिक क्रियाकलाप नगरी जीवनयापन सम्भव हुँदैन । तसर्थ व्यक्ति वा समुदायले जीविकोपार्जन हेतु कुनै न कुनै आर्थिक क्रियाकलाप गरिनै रहेको हुन्छ । आर्थिक अवस्थालाई कुनै पनि समाजको विकास र स्थिरताको आधार हो भनिन्छ । समाज विकासको मुख्य आधार नै त्यहाँ प्राप्त हुने प्राकृतिक श्रोत, साधन र त्यसको परिचालन हो । कुनै समुदायको अवस्थालाई प्रायः त्यहाँ बसोबास गरेको मानिसहरूको जग्गाको बनावटले प्रभाव पारेको हुन्छ । उदाहरणको लागि उनीहरूको वासस्थान नदीको छेउछाउमा भएतापनि खेत एक/दुई वोटेको बाहेक अन्य वोटेको छैन । त्यसकारण अन्य तत्व शिक्षा, स्वास्थ्य कारण दुःखदायी बनाउनमा प्रमुख भूमिका खेलको हुन्छ ।

यस अध्ययन क्षेत्रका वोटे जातिहरू आफ्नो परम्पारगत पेसालाई विस्तारै-विस्तारै त्यागदै गएको देखिन्छ । खुलारूपमा जंगलका उत्पादनहरू बन्द गरिनु, भेरी नदीमा झोलुङ्गे पुल र त्यहाँ देखि अलि तल तुइन निर्माण गरिनु, नदीमा पर्याप्त माछा नपाइनुले नै उनीहरूको आर्थिक जीवनमा केही असर देखापरेका छन् । उनीहरूको आसपास अर्थात् छिमेकमा अन्य उच्च साँस्कृतिक समूहको बसोबासले गर्दा उनीहरूको आर्थिक बाटोको लागि विचारणीय प्रभाव पारेको छ । किनकी उनीहरू माछा मार्ने जस्ता परम्परागत पेसामा मात्र भर पर्दछन् । कुनै उत्पादक जमिनको खोजीनीति र कुनै ध्यान दिँदैनन् । उनीहरूको नाममा जमिन बेच्दै खाँदा केही सुकुम्बासी भैसकेका छन् । केही ऐलानी जग्गा बाहेक बढीमा ७-८ कठ्ठा नामसारी जग्गा भन्दा बढी कसैको देखिएन । हाल आएर वोटेहरू काम गर्ने भरिया, ज्यालादारी/मजदुरी जस्ता गैर परम्परागत कामहरू अपनाएर आ-आफ्नो जीविकोपार्जन गरेको देखिन्छ ।

### ६.१ पेसागत रूपमा जनसंख्या वितरण

प्रत्येक समुदायका मानिहरूले एउटा त एउटा पेसा अपनाइरहेका हुन्छन् । हरेक मानिसले आ-आफ्नै पेसाको आधारमा जीवनयापन चलाइरहेका हुन्छन् । वोटे जातिको परम्परागत र गैर परम्परागत रहेका छन् । यस अध्ययन क्षेत्रका वोटे जातिका पेसालाई तालिका नं. ८ अनुसार उल्लेख गर्न सकिन्छ ।

### तालिका नं. ८ : पेसागत आधारमा जनसंख्या विरतण तालिका

| पेसा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४० | ५३.३३ |
| माछा मार्ने | ५ | ६.६६ |
| तुइन तार्ने | ५ | ६.६६ |
| ज्यालादारी/मजदुरी | २२ | २९.३३ |
| नोकरी गर्ने | १ | १.३३ |
| व्यापार | २ | २.६६ |
|  | ७५ | १०० |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६७*

यस अध्ययन क्षेत्रमा वोटेहरूको जम्मा २० वटा घरपरिवारमा कूल जनसङ्ख्या १०० रहेको छ । त्यसमध्ये ०-८ वर्षसम्मको जनसंख्या २५ छ । जुन प्रतिशतमा कूल वोटे जनसंख्याको २५ प्रतिशत देखिन्छ। जुन प्रतिशत वा उमेर आर्थिक क्षेत्रमा निष्क्रिय देखिन्छ। तसर्थ यस उमेर समूहलाई पेसागत आधारमा काम गर्न नसक्ने भनी यस तालिकामा समावेश गरिएको छैन । उपरोक्त तालिका अनुसार सबभन्दा बढी जनसंख्या कृषिमा ४० जना (५३.३३%) संलग्न देखिन्छ । त्यस्तै आफ्नो परम्परागत पेसा माछामार्नेमा ५ जना (६.६६%) देखिन्छ। गैर परम्परागत पेसा अर्न्तगत ज्यालादारी मजदुरीमा २२ जना (२९.३३%), तुइन तार्नेमा ५ जना (६.६६%) नोकरी गर्नेमा १ जना (२%), व्यापारमा २ जना (२.६६%) देखिन्छ। यसबाट के प्रष्ट हुन्छ भने परम्परागत पेसाबाट विस्तारै वोटेजाति गैर परम्परागत पेसातिर उन्मुख हुँदै गएको पाइन्छ। जसको परिणाम स्वरूप वोटे जातिको पेसा लोप हुने देखिन्छ । परम्परागत डुङ्गा तार्ने पेसाबाट तुइन तार्ने, कृषि कामबाट ज्यालादारी कामतर्फ उन्मुख भएको पाइन्छ।

## ६.२ कृषियोग्य जमिनको विवरण

यस अध्ययन क्षेत्रका आधा भन्दा बढी मानिसहरू जीविकोपार्जन गर्न कृषिमा नै बढी मात्रामा भर पर्दछन् । भूमिहीन वोटेजातिहरू अर्काको कृषि ज्याला गर्ने, अर्काको जग्गा अधियामा कमाउने, भारी बोक्ने कार्य गर्दछन् । यस क्षेत्र अर्न्तगत कृषि योग्य जमिनका विवरणलाई तालिका नं. ९ बाट देखाउन सकिन्छ।

**तालिका नं.९ वोटेहरूको कृषियोग्य जमिनको वितरण**

| जग्गाको आकार | उत्पादन | | | घरपरिवार | प्रतिशत |
|---|---|---|---|---|---|
| | खाद्यान्न अन्न | तेल अन्न | गेडागुडी तरकारी | | |
| भुमिहीन | १० पाथी | - | - | ४ | २०.०० |
| २-४ कट्ठा | २ मुरी | ३ पाथी | २-५ पाथी | ११ | ५५.०० |
| ४-८ कट्ठा | ४ मुरी | ५ पाथी | ५-१० पाथी | ५ | २५.०० |

*श्रोत स्थलगत सर्वेक्षण २०६७*

तालिका नं. ९ भूमिहिन घरपरिवारको संख्या ४ (२०%) छ । उनीहरूसँग केही मात्र ऐलानी भूमि छ । उनीहरूको प्रति घरपरिवार १० पाथी मात्र धान उत्पादन हुन्छ । २-४ कट्टा जमिन भएकाहरूको संख्या ११ घरपरिवार (५५%) छ । उत्पादन धान १०-२० पाथी सम्म गहुँ/कोदो/मकै उत्पादन हुन्छ । १०/१० पाथी तेल अन्न प्रति घरपरिवार ३ पाथी, गेडागुडी तरकारी (२-५ पाथी सम्म) उत्पादन हुन्छ/गेडागुडीमा आलु, वोडी चना, मसुरो, केराउ, लसुन, प्याज, हरियो सागपात हुन्छ । ४-८ कट्टा जमिन भएकाहरूको अरुको तुलना अलि राम्रो देखिन्छ । धान १५ पाथी देखि १ मुरी सम्म उत्पादन हुन्छ । मकै/कोढो/गहुँ १५ पाथी देखि २ मुरी सम्म उत्पादन हुन्छ । तेलअन्नमा ५ देखि १० पाथी सम्म गेडा गुडी तरकारीमा - ५ पाथी देखि १० पाथी सम्म उत्पादन हुने गर्दछ । तर भूमिहीनहरू जो ऐलानीमा बस्छन् एक महिना खाना पनि आफ्नो उत्पादनबाट हुँदैन । २-४ कट्टा जमिन हुनेहरूलाई २-४ महिनासम्म बल्लतल्ल धान्दछ । यदी भोज भतेर भएन भने । ४-८ कट्टा जग्गा हुनेहरूलाई ४-६ महिनासम्म आफ्नो जग्गाको उत्पादनले खाना पुग्छ । बाँकी महिनाका लागि ज्याला मजदुरी, अधियाँ लगाएर उत्पादन गर्नु पर्दछ ।

### ६.३ जीविको पार्जनको तरिका (मुख्य पेसाहरू)

यस अध्ययन क्षेत्रका वोटेहरूले आफूलाई पाखे वोटे भन्दछन् । यिनीहरू माछा मार्ने, ढुङ्गा चलाउने, जाल बुन्ने काम गर्छन् । घर बनाउने बालुवा चाल्दछन, गिट्टी फोड्ने काम गर्छन् । सुन धुने बालुवा चाल्ने काम गर्दैनन् । पानी र पाखे गरी वोटेलाई दुई भागमा विभाजन गरेको पाइन्छ । यी दुवैको पेसामा केही फरक पाउन सकिन्छ । पानी वोटेको मुख्य आम्दानीको श्रोतमा माछा मार्नु र सुन धुने काम पर्दछन् तर पाखे वोटेहरू कृषिमा नै बढी जोड दिएको पाइन्छ । पानी वोटेको फुर्सद अर्थात् मौसमी पेसा सुन धुने हो भने पाखे वोटेले बल्छीले माछा मार्ने, घरायसी साम्रगी डोको, नाङ्लो बुन्ने गर्दछन् (सुब्बा, १९८९ : ५३) । यस अध्ययन क्षेत्रमा पानी वोटे छैनन् ।

आफ्नो पुरानो आय श्रोत अनुत्पादक र अपूर्ण हुँदै गएकोले बाँच्नको लागि विकल्पमा आयको श्रोत खोज्न थालेका छन् । वर्तमान समयमा वोटेहरू जीविकोपार्जनको लागि परम्परागत पेसालाई भन्दा गैरपरम्रागत पेसा अपनाएको पाइन्छ । जस अनुसार कृषि, माछा मार्ने जस्ता परम्परागत पेसाको अलावा अहिले नयाँ पेसाको रूपमा ज्याला/मजदुरी, कृषि ज्याला, दार चिर्ने (काठको काम), घर, सडकको लागि बालुवा चाल्ने र गिट्टी कुट्ने काम अपनाउँदै आएको पाइन्छ । जसलाई छोटकरीमा तल व्याख्या गरिएको छ ।

### ६.३.१ परम्परागत पेसाहरू

#### (क) कृषि

यस अध्ययन क्षेत्रको एक मुख्य श्रोत कृषि नै मानिन्छ । लगभग कृषि समयमा यहाँको धेरै जसो वोटेहरू कृषिमा नै संलग्न भएपनि २-४ महिना पनि खान पुग्देन । यिनीहरूको सिंचाइ योग्य जग्गा भन्दा पाखो जग्गा बढी छ । प्रति व्यक्ति जग्गाको आकार सानो भएको हुँदा सबै घरवारी नै मानिन्छ । यहाँका मुख्य बालीहरू, कृषि, पशुपालनहरूलाई तल दिइएको छ :-

#### (१) बाली

वोटेहरू विभिन्न प्रकारका बालीहरू लगाउँदछन् । जस्तै मकै, गहुँ, घैयाधान, तोरी कोदो, धान, केराउ, मसुरो, चना र अन्य मौसम अनुसार तरकारी लगाउँछन् । यस अध्ययन क्षेत्रमा पाखो जग्गा बढी भएकोले मकै, गहुँ, कोदो मुख्य बाली हुन् । यिनीहरूले आफूले उब्जाएको बाली आफैंले उपयोग गर्दछन् । तरकारीमा चना केराउ, मुसुरो, मूला, पिडालु, अदुवा, प्याज, लशुन सागपात मुख्य पर्दछन् ।

#### (२) कृषि सामग्री

अन्य समुदायको झैं वोटेजातिहरूका मुख्य कृषि सामग्री, हलो, जुवा, कोदालो, फरुवा, कुटो हँसिया, नाम्लो, डोको, बन्चरो, खुर्पा पर्दछन् । हलो जोत्नलाई प्रयोग गर्छन । कुटो, कोदालो, फरुवा पिडालु, अदुवा, सागसब्जी, सखरखण्ड, तरूल, गिट्ठा भ्याकुर खन्न र रोप्न, गोड्न प्रयोग गरिन्छ । बन्चरो, काठ, दाउरा चिर्न प्रयोग हुन्छ । हँसिया पाकेको अन्न घाँसपात काट्नलाई प्रयोग गरिन्छ । डोको र नाम्लोलाई, दाउरा, पानी, गोबर मल बोक्न प्रयोग गरिन्छ । परम्परागत यी कृषि सामग्री प्रयोग हुँदै आइ रहेको अवस्था र अन्य आधुनिक सामग्री प्रयोग हुन नसकेको अवस्थाले गर्दा यस क्षेत्रका वोटेहरु यी परम्परागत केषि सामग्री प्रयोग गर्दै आइरहेका छन् ।

### (३) पशुपालन

नेपालीहरूको आर्थिक संगठनभित्र पशुपालन पनि एक हो । यो पेसा परापूर्वकालदेखि चलि आएको एक पेसा हो । यस अध्ययन क्षेत्रका वोटेहरू घरपालुवा पशु, पंक्षी पालेको पाइन्छ । पशुपालनलाई कृषिको आधार लगायत विभिन्न दृष्टिबाट हेर्न सकिन्छ । मल, मासु र केही मात्रामा दूधका लागि पशुपालन गरिन्छ । यस अध्ययन क्षेत्रका वोटेहरूको पशुपालनको अवस्था तालिका १० मा देखाइएको छ ।

**तालिका नं.१० : वोटे जातिमा पशुपालन विवरण तालिका**

| पशुपालन/प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| गाई | १० | ६.५३ |
| गोरू | १६ | १०.४५ |
| बाखा | २० | १३.०७ |
| सुंगुर | ४ | २.६१ |
| कुखुरा | १०३ | ६७.३२ |
| | १५३ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

तालिका नं. १० बाट के प्रस्ट हुन्छ भने यस अध्ययन क्षेत्रका वोटेहरूको मुख्यगरी घरपालुवा जनावरहरूमा गाई, गोरु, बाखा र पंक्षीमा कुखुरा पालेको पाइन्छ । यी घर पालुवा जनावरहरूको आ-आफ्नो स्थानमा महत्व छ । बाखा, कुखुरा आर्थिक हिसाबले नगदी र मासुको लागि प्रयोग गरिन्छ । गाई पाल्नुको महत्व दूध र खेतवारी जोत्न बाच्छा (गोरू) बनाउनु रहेको देखिन्छ । जुन तालिका अनुसार  १० (६.५३%) छ । गोरु जुन क्षेत्रमा १६ (१०.४५%) छन् । यिनीहरूको प्रयोग खेत जोत्नको लागि हुन्छ । यस क्षेत्रमा बाखा २० (१३.०७%) रहेको छ । पंक्षीमध्ये मुख्य रूपमा कुखुरालाई मान्ने वोटेहरूको क्षेत्रमा १०३ (६७.३२%) कुखुरा पालेको पाइन्छ । आफूलाई मासु खान, देवी देवतालाई भाकल गरी बलि दिन कुखुराको प्रयोग हुन्छ । सुंगुर ४ (२.६१%) देखिन्छ । यसलाई पनि मासु, देवतालाई चढाउने र आर्थिक रूपबाट हेर्न सकिन्छ ।

यस क्षेत्रका वोटेहरू पशुपाल्नको लागि (पशुघर) गोठघर सँगै जोडिएका बनाउँछन् । काठ, बाँस, खरबाट गोठहरू साना पाली जस्ता बनाएका हुन्छन् जुन कच्चा हुन्छन् । तर कुखुराको खोर घरमा जोडेर र प्राय: भित्रै पनि देखिन्छ । यिनीहरू आफ्ना पशुलाई घर छेउ छाउ चराउने र घाँस हाल्दछन । नजिकको वन सामुदायिक वन भएकाले जंगलमा लान पाउँदैन ।

**(ख) माछा मार्ने**

वोटे जातिमा माछा मार्ने व्यवसाय आयको प्रमुख स्रोत मानिन्छ । यो पेसालाई उनीहरूको परम्परागत पेसाको रूपमा चिनिन्छ । सन्तुलित भोजनको रूपमा माछालाई लिइन्छ । वोटेहरू सधैं पानीमा काम गर्ने हुँदा भनाई छ कि पानी भन्दा वोटे एकदिनले जेठो । परापूर्वकालदेखि नै मुख्य पेसाको रूपमा भएर हुनसक्छ वोटेहरू माछा मार्न र माछाको जात छुट्याउन पनि अनुभवी हुन्छन् । प्राय : माछाहरूमा असला, बाम, कत्ले, सहर झिंगे, भोटी जस्ता पर्दछन् । वोटेहरू माछा मार्न दिन रात (२४ सै घण्टा) तयार हुन्छन् ।

वोटेहरूले मौसम अनुसारका माछा समात्ने विभिन्न तरिकाहरू अपनाएको पाइन्छ । जस अनुसार

१. जाल (वषाको धमिलो पानीमा प्रयोग गरिने)
२. बाँध वा ढडियाद्वारा (खोला, कुलो, खेतबारीको डिलमा प्रयोग)
३. बल्छी (नदीको छेउदेखि बीचसम्म फालिने अंकुश)
४. विष (वनस्पतिका पात, वोक्राबाट माछामार्ने सामूहिक विधि)
५. पानीको बाटो बदलेर (खोला, कुलो अर्को तर्फ फर्काउदा माछाछोप्ने विधि)
६. खाल्टाबाट पानी बाहिर फ्याँकेर (खाल्टोको माछालाई बाहिर पानीसमेत फाँकेर छोप्ने)

यी लगायत यहाँका वोटेहरूले ठूलाठूला माछा समात्नको लागि ‘पासा’ पनि प्रयोग गरेको पाइन्छ । जसलाई नदी वारपार पुग्नेगरी पानीमा राखिन्छ । पासा (ठूलो जाल) डुङ्गामा चढेर वा तुइनबाट पार गरी वा हिँडेर पौडीएर प्रयोग गर्दछन् । जाललाई पानीमा फालेर एकछेउमा समातेर केही समय पनि तान्दछन् । जसमा साना माछा पर्दछन् । तर पासोमा ढुङ्गाहरू, आहाराहरू हालेर पानीमा खसाल्छन् र अर्को दिनमात्र पासो झिक्न पुग्छन् । पासामा ठूलाठूला जस्तै चुच्चेवाम, असला, कत्ले, सहर जस्ता माछा पर्दछन् । साना जाललाई ‘शउकी’ र भूरेल भनिन्छ । भूरेल जाल वर्षभरी नै प्रयोग गरिन्छ ।

यस क्षेत्रका वोटेहरूले माछा मार्न प्रयोग गरिने भेरी नदीको वहाव धरै भएकोले बाँध बाँधेर माछा मार्न असम्भव बताउँछन् । खोलामा भने बाँध बाँधेर पनि माछा मारेको देखिन्छ । माछा मार्न प्रयोग हुने महत्वपूर्ण माध्यम बल्छी जुन एक प्रकारको धातुबाट बनेको अंकुश हो । जसमा माछालाई लोभ्याउन केही माछाको प्रिय खाना राखेको हुन्छ । माछा आहारको खोजीमा जाँदा उक्त आहार देखेर खाँदा अंकुश माछाको मुखमा अड्किन्छ । त्यसपछि माछा परेको संकेत अनुसार बल्छी थाप्नेले त्यसलाई पानीबाट बाहिर निकाल्छन् । बल्छी खेल्न

लगभग ८-१० वर्ष देखि ८० वर्षसम्मका वोटेहरूका सहभागिता रहेको पाइन्छ । बल्छी पनि २ प्रकारका हुन्छन् । ठूलो माछा समात्न ठूलै बल्छी प्रयोग गर्नुपर्छ भने साना माछा समात्न सानो बल्छी प्रयोग गर्दछन् ।

माछा समात्ने अर्को तरिकामा बगेको पानीमा ढुङ्गाको बाँध लगाउँछन् । त्यस बाँधमा हिलो माटो पात पतिङ्गर स्याउला, काठ प्रयोग गरी बाँध बाँधेपछि पानी बग्ने दिशा बदलिन्छ । पहिला बगेको ठाउँमा पानी अति कम अर्थात् सुख्खा हुँदा माछा समात्न सकिन्छ । यसमा महिलाहरू केटाकेटी समेत सहभागी हुन्छन् । अर्थात् यो एउटा सामूहिक माछा मार्ने विधि हो । माछा मार्ने अर्को विधि 'विष' हो जसलाई नदी वा खोलाका छेउछाउमा रहेका प्वालहरूमा राखिन्छ र माछा मारिन्छ । विष प्रयोग गर्दा वनस्पतिको विष प्रयोग गर्छन् । जस्तै चिलाउनेको पात खिरीको बोक्रा जस्ता चिजलाई चुटेर रस बनाई त्यसलाई पानी भएका खाल्टा, प्वालहरूमा हालिन्छ । जसले माछालाई लठ्याउँछ, आँखामा पिरो हुन्छ र बाहिर आउँछन् । त्यसपछि माछालाई समात्छन् । यो विधि प्रायः वर्षायाममा अपनाइएको पाइन्छ ।

उपरोक्त विधिहरूलाई हेर्दा यस अध्ययन क्षेत्रका वोटेहरूलाई माछा समात्न जाल, बल्छी, पासा नै उपयुक्त भनी भन्न सकिन्छ । अन्य विधि प्रायः कम देखिन्छ ।

### (ग) डुँङ्गा चलाउने

सम्पूर्ण नेपालको विभिन्न नदीका छेउ छाउमा बसोबास गरेका वोटे जातिहरूको परम्परागत पेसाको रूपमा डुङ्गा चलाउनु पनि एक महत्वपूर्ण पेसा रहेको छ । यस क्षेत्रका केही वोटेहरू पनि डुङ्गा चलाएर ग्राहकलाई वारपार गराउने कार्य हाल केही समय यता (२ वर्ष) देखिदैन । कारण त्यस क्षेत्रमा तुइन निर्माण भएको र तुइनबाट ग्राहक र सामानहरू वारपार गराइन्छ । डुङ्गा पुरानो हुँदै जानु, नयाँ निर्माण गर्न नसकिने अवस्था, तुइनद्वारा ग्राहकहरू वारपार गर्ने चलनले हाल डुङ्गा व्यवसायद्वारा त्यस क्षेत्रका वोटेहरूको रोजीरोटी खोसीएको देखिन्छ । यहाँका वोटेहरू भारी बोक्ने, ज्याला मजदुरी गर्ने र केहीले तुइन तार्ने काममा रहेका छन् ।

### (ङ) खाद्यान्न/खानेकुरा जम्मा गर्ने

वोटेहरू प्रायः नदी र वन जंगलको छेउछाउमा बसोबास गर्ने भएको कारण मुख्य पेसा नै माछा मार्ने, डुङ्गा चलाउनुको साथै जंगलबाट मौसम अनुसार वनस्पति, कन्दमूल, जम्मा गर्दछन् । अर्थात् अझ स्पष्ट तरिकाबाट भन्दा पानी र जंगलसित यिनीहरूको पेसा सम्बन्धित छ । बच्चादेखि बुढासम्म स्त्री पुरूषहरू जंगलबाट विभिन्न वनस्पति (जलेवा,

सिभ्नो, खिरो) जराहरू, फल संग्रह गर्दछन् । उनीको मुख्य हतियार वा सामग्री वा औजारहरूमा मुख्य गरी कुटो, कोदालो, हँसिया खुर्पी रहन्छन् ।

वोटेहरू जंगलबाट तरूल, भ्याकुर, गिट्ठाका साथै कर्कलो, वेथे साग, खोले साग, लुडे साग पनि संकलन गर्दछन् । फलहरूमा वयर, अमला, निवुवा जस्ता फलका साथै मह पनि जंगलबाट संग्रह गर्दछन् । सागपातहरूलाई वफाएर सुकाइ राख्ने चलन पाइन्छ । तर आजकल जनसंख्या वृद्धिका कारण उक्त खाद्यान्नहरू प्रचलनमा नपाइनु, जंगलमा चोरी निकासी बढ्नुले वनस्पतिहरू लोप हुँदै गएका छन् । जसले गर्दा परम्परागत पेसा अँगाल्दै आएका यी जातिलाई आफ्नो पेसा गुमाउने तर्फ प्रेरित गर्दैछ ।

### ६.३.२ गैर परम्परागत पेसा

वोटे जातिको मुख्य परम्परागत पेसा कृषि, माछा मार्ने, डुङ्गा चलाउने, सुनधुने कामको साथसाथै गैर परम्परागत पेसाको रूपमा ज्यालादारी, हस्त शीलपकला, तर्फ पनि लम्किएको देखिन्छ । कृषि, माछामार्ने आम्दानीको मुख्य श्रोत भएतापनि यस क्षेत्रबाट भएको थोरै आयले उनीहरूको साधारण आवश्यकता पूरा हुन सकिरहेको छैन । सुकम्बासी जग्गा भएकाको पनि न्यून जग्गा र पाखो मात्र जग्गा, जसले वर्षभरीमा थोरै समय मात्र कृषिमा संलग्न हुनुपर्ने र अन्य समय कुनै काम नभएर बस्नु पर्ने हुनाले आफ्नो घरयासी समस्या पनि समाधान गर्न नसकिने हुन्छ । त्यसैले विकल्पलाई रोज्नु पर्ने हुन्छ । यस अध्ययन क्षेत्रका वोटेहरू आफ्नो परम्परागत पेसाबाट दैनिक आवश्यकता पूरा गर्न नसकेको कारण आफ्नो श्रम बेच्ने कार्यमा लागेको देखिन्छ ।

#### (क) ज्यालादारी

आफ्नो आर्थिक कठिनाईको कारण वोटेहरू ज्यालादारीको रूपमा कार्य गर्दछन् । यहाँ ज्यालादारीमा कृषि ज्यालादारी, निर्माण कार्यमा ज्यालादारी, भारी बोक्ने ज्यालादारीलाई समेटेको छ । यहाँका वोटेहरू बाटो, सडक नीजि भवन निर्माणका लागि आवश्यक गिट्टी कुट्ने, बालुवा चाल्ने, ढुङ्गा बटुल्ने गर्दछन् । कोही तुइनबाट सामान र मान्छेलाई वारपार गराउँछन् । ज्यालादारी मजदुरको रूपमा काम गर्नेको संख्या २२ जना देखिन्छ । ज्यालादारी २८ वर्ष देखि ८० वर्ष सम्मका वोटेहरुले (महिला/पुरुष) गर्दछन् ।

#### (ख) हस्तकला

प्रायः जसो फुर्सदको बेलामा आफ्नै हात र श्रमबाट विभिन्न हस्त निर्मित सामग्रीको पनि उत्पादन गर्ने गर्छन । आफ्नो पुरानो पेसाबाट मात्रै नपुग्ने भएको कारण उनीहरू अन्य सामग्री बनाउने गर्दछन् । यस अध्ययन क्षेत्रका वोटेहरू केहिले जाल बुन्ने, बाँसको चोयाको डोको, मुखालो, धानको परालबाट गुन्द्री, चकटी जस्ता घरायसी सामग्री निर्माण गर्दछन् ।

हस्तकलाको रूपमा काम गर्ने वोटेको संख्या ५ जना मात्र देखिन्छ । शीप भएका अन्य आय श्रोतको काममा पुस सम्म संलग्नन हुन नसकेका महिला र पुरुषहरु वृस्तकलाका काममा संलग्न छन् ।

**(ग) नोकरी**

यस्तै यस अध्ययन क्षेत्रका युवाहरू आफ्नो परम्परागत पेसाबाट आय आर्जन कम भएको ठानी विशेषगरी भारतमा गई २-४ महिना काम गरी फर्कने र फर्कदा लत्ता कपडा र सानो तिनो रकम बोकी आउँछन् । स्वदेशी नोकरी यहाँका वोटेहरू कसैको पनि छैन । विदेशी नोकरी (ज्यालादारी) भारत बाहेक हाल भर्खर एक जना साधारण साक्षर युवा खाडी मुलुक गएको पाइन्छ । यसरी आफ्नो परम्परागत पेसाबाट मात्र दैनिक समस्या पूरा गर्न नसकी अन्य पेसा पनि अपनाउन थालेको देखिन्छ । यसरी विदेशी खाडी मुलुकमा गई नोकरी गर्ने संख्या १ जना मात्र छ । खाडी मुलुकमा काम गर्ने जाने व्यक्ति कामदारको रूपमा गएको देखिन्छ । जुन व्यक्ति विदेश जानु अगाडि साक्षर मात्र र वेरोजगार भई गाउँमा बसेका थिए ।

यसरी आफ्नो परम्परागत पेसाबाट आय आर्जन कम हुनु, त्यसै माथि परम्परागत पेसामा अन्य संस्कृति वा पेसा भएका जातिबाट हस्तक्षेप गर्नु, अन्य व्यक्तिहरूसँग बढी सम्पर्क हुनु, ज्यालादारी काममा स्वदेश मात्र नभई विदेशतिर पनि लम्कन खोज्नु जसको परिणाम उनीहरूको संस्कृति, रहनसहन, भेषभूषा खानपानमा असर पर्न जाने ठूलो सम्भावना देखिन्छ ।

# अध्याय : सात

# सारांश, मूख्य प्राप्ति र सुझावहरू

## ७.१ सारांश

"वोटे जातिको जनजीवन र संस्कृति सुर्खेत जिल्ला लेखफर्सा गा.वि.स. का वोटे जातिको एक समाजशास्त्रीय अध्ययन" शीर्षक राखेर अध्ययन अनुसन्धान गरिएको छ ।

वोटे जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था, सामाजिक जीवनमा आइराखेका उतार चढावहरू परम्परागत पेसामा आइरहेका सजिला र अण्ठ्यारा अवस्थाहरू, नयाँ पेसामा देखिएका चुनौतीहरू यस अध्ययन क्षेत्रका वोटेहरूको मुख्य समस्याहरू देखियो । शोधपत्रको मुख्य उद्देश्य वोटेजातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था, परम्परागत मान्यता र पेसागत परिस्थितिमा देखापरेका परिवर्तन, पुरा नै पेसालाई निरन्तरता दिनु वा नदिनुका कारण, नयाँ पेसाले जीवनमा गरेको उतार चढावहरूको अध्ययन, अनुसन्धान र विश्लेषण गर्नु यस अध्ययनको मुख्य ध्येय हो ।

अनुसन्धान ढाँचामा वर्णनात्मक र विवरणात्मक विश्लेषण ढाँचा प्रयोग गरिएको छ । तथ्याङ्कको प्रकृति गुणात्मक र मात्रात्मक तथ्याङ्कहरू प्रयोग गरिएको छ । स्रोतमा प्राथमिक र द्वितिय दुवै प्रयोग गरिएको छ । तथ्याङ्क संकलन प्रविधिमा घरधुरी सर्वेक्षण/प्रश्नावली, अवलोकन र अन्तरवार्ताको माध्यमबाट लिइएको छ ।

यस अध्ययनको लागि छानिएका वोटे जातिको घरपरिवार सङ्ख्या २० छ । कुल जनसङ्ख्या १०० जना जसमा ५४ जना पुरुष र ४६ जना महिला रहेका छन् । २० जना उत्तरदायामा प्रायः घरमूली नै रहेका छन् । वोटेहरूमा घरको जेठो पुरुषलाई नै घरमूली मान्दछन् । वोटे जातिमा पितृसतात्मक संरचना छ । संयुक्त र वृहत परिवार नभै एकल परिवारमा लगाव बढेको देखिन्छ । अध्ययन गरेका सबै परिवार एकल परिवार रहेका छन् । महिला र पुरुषमा समान व्यवहार गरेको पाइन्छ । पुरुष सरह महिला पनि स्वतन्त्र छन् । शिक्षामा वोटे जातिका महिलाहरू पुरुष भन्दा निकै कम रहेका छन् । सामाजिक नेतृत्वको आधारमा वोटेहरूलाई गुरुवा, मुखिया, घाटु, चिच्याउने, भनेर दर्जा दिइएको पाइन्छ । वोटेजातिको भाषा आफ्नै रहेको देखिन्छ । तर बुढाबुढीमा सिमित भएकोले लोपउन्मूख अवस्थामा छ ।

यस अध्ययन क्षेत्रमा वोटेहरू शिक्षित भन्दा अशिक्षित बढी पाइयो । उच्चशिक्षा हासिल गर्ने कोही छैनन् । तलका कक्षाहरूमा पनि पुरुषको तुलनामा महिलाको शैक्षिक

स्थिति कमजोर देखिन्छ । विद्यालयमा उत्तिण वा अनुत्तिण जे भएपनि विद्यालय बीचैमा छोड्ने गरेको देखिन्छ । सामाजिक रूपमा हेर्दा वोटे जाति डुङ्गा चलाउँदा, माछामार्दा, जालहरू बुन्दा, विवहा, छैंटी, न्वारन, छेवार, मृत्यृ सँस्कारहरूलाई समाजका स्वीकृत व्यवहार अनुसार कार्य गर्दछन् ।

वोटे जातिको स्वास्थ्य स्थिति कमजोर खालको देखिन्छ । परिवार नियोजनका साधन सात जना महिलाले प्रयोग गरेको पाइन्छ । शौचालय पाँच घरपरिवारमा मात्र देखिन्छ । राजनैतिक चेतनास्तर पनि पछि परेको देखियो । संघियताको कुरा गर्दा यसबारे कसैलाई पनि थाहा नभएको जानकारी भयो ।

वोटे जातिको अन्यजातिसँगको सम्बन्धमा गुरुङ्ग, मगरसँग वैवाहिक सम्बन्ध भएको पाइन्छ । वाहुन, क्षेत्री लगाएतका जाति वा समुदायसँग सामाजिक सम्बन्ध रहेको बुझिन्छ । घरमा आएका पाहुनालाई आदर-सत्कार गर्ने राम्रो वानी देखिन्छ । खानपान अन्य जाति जस्तै छ । मतवाली भएकोले घरेलु जाँड रक्सी लगाएत बजारीया रक्सी प्रयोग हुने गरेको पाइन्छ । चाडपर्वहरू अन्य जातिभन्दा फरक देखिदैन । खानेकुरामा गिठा, भ्याकुर, तरुल जस्ता कन्दमूल बढी प्रयोग भएको पाइन्छ । भेषभूषामा अन्य जाति जस्तै छ तर बुढापाका वोटे जाति महिला, पुरुषले गादो भिर्ने गरेको देखिन्छ । गहनाहरूपनि लगाएका देखिन्छन् । मनोरञ्जनमा झाम्रे नाच लोकगीत चाडपर्वहरूमा व्याप्त देखिन्छ । मुकुन्डो नाच, (मृत संस्कारमा), दोहारी गाएर मनोरञ्जन गर्दछन् । युवायुवती रेडियो सुनेर, गाएर पनि रमाइलो गरेको पाइन्छ ।

वोटेजातिको चाडपर्वहरूमा चण्डी पूर्णिमा, नागपञ्चमी हरितालिका, दशैं, तिहार, माघे संक्रान्ति र चैत दशैं धुमधामसँग मनाउँछन् । पूजाआजामा वायुपूजा/कूलपूजा वनदेवी, जलदेवी, भिमसेन पूजा र सेतुवराहा रहेका छन् । वोटे जाति हिन्दुधर्म अनुसरण गर्ने भएकोले हिन्दु अनुसार संस्कारहरू गरिएको पाइन्छ । संस्कारमा जन्म, छैंटी, न्वारन, पास्नी, छेवार, विवहा र मृत्यृसंस्कार । अन्य संस्कारमा अन्य जाति भन्दा थोरै फरक देखिएता पनि मृत्यृसंस्कारमा धेरै फरक पाइन्छ । मृत्यृसँस्कारमा नाचगाच गरी रमाइलो गर्ने चलन छ । मुकुन्डोनाच वोटे जातिको महत्वपूर्ण मनोरञ्जन नाच हो जुन मृत्यृसँस्कारमा मात्र गरिन्छ ।

यस अध्ययन क्षेत्रका वोटेजातिको घरपरिवारको भू-स्वामित्व विवरण हेर्दा सबैभन्दा बढी आठ कट्ठा र सबैभन्दा कममा शुन्य देखिन्छ । चार घरपरिवार सुकुम्बासी छन् । ऐलानी जग्गा प्रयोग गरेका छन् । यस क्षेत्रका मानिसहरू कृषिमा बढी र नोकरी व्यापारमा कम

संलग्न रहेको पाइन्छ । वोटेजातिमा बढीमा छ महिना सम्म केही परिवारलाई मात्र आफ्नो उत्पादनले खान पुग्छ । धेरै घर परिवारलाई एक महिना देखि तीन महिनासम्म आफ्नो उत्पादले खान पुग्छ । बाँकी महिना सबै घर परिवारलाई अन्य आय स्रोत खोज्नु पर्दछ । आय स्रोतका बाटोमा कृषि, पशुपालन, माछामार्ने, तुइन तार्ने, ज्यालामजदुरी, नोकरी रहेका छन् । प्रायः जसो यस क्षेत्रका वोटेजातिहरूको आर्थिक अवस्था राम्रो रहेको पाइएन । परम्परागत पेसाबाट नपुग भएपछि नोकरी, ज्यालामजदुरीमा समावेश भएको पाइयो ।

## ७.२ मूख्य प्राप्ति

- यस अध्ययन क्षेत्रका वोटे समुदायलाई पितुसतात्मक बुझिन्छ । घरको जेठो पुरुषलाई नै घरमूली मानेको देखिन्छ । यस क्षेत्रमा वोटे जाति जम्मा २० घर छन् । सम्पूर्ण एकात्मक परिवार रहेका छन् ।
- महिलाहरू पुरुष सरह स्वतन्त्र छन् । पुरुष सरह महिलालाई व्यवहार गरेको देखिन्छ । वोटेहरूलाई धाटु, गुरुवा, मुखिया, चिच्याउने जस्ता सामाजिक दर्जाहरू दिइएको पाइन्छ ।
- वोटे भाषा आफ्नो जातिमा मात्र सिमित भएको देखिन्छ । बूढापाकाले वाहेक नयाँ पिढीले वोटे भाषालाई कम वास्ता गरेको पाइयो ।
- वोटे जातिका बालबच्चाहरू विद्यालय भर्ना भएतापनि गरिबी, खाद्यन्नको अभाव, शिक्षाप्रति कम चेतनाका कारणले विद्यालय नियमित नजाने, उत्तिर्ण भएपनि, नभएपनि विद्यालय बीचैमा छाड्ने गर्नाले शैक्षिक स्थिति नाजुक रहेको देखिन्छ ।
- वोटे जातिको स्वास्थ्य स्थितिलाई बु‰bf sdhf]/ b]lvG5 . kfPkl5 k]6e/ vfg], gkfP ef]s} a:g] jfgLn] cf}ift cfo' %)–%% /x]sf] :yflgo hfgsf/ JolQmx¿ atfpF5g\ . kl/jf/ lgof]hgsf ;fwg ;ft hgf s]xL r]tgzLn dlxnfn] afx]s c?n] k|of]u u/]sf] kfOb}g . शौचालय पाँच घरपरिवारमा मात्र प्रयोग हुने गरेको छ । शौचालय र चेतनाको अभावले गर्दा घरपछाडी, करेसा, वारीको छेउमा प्रायः जसो दिसापिसाव देखिन्छ ।
- वोटे जातिले अन्य जातिको सम्बन्धमा गुरुङ्ग, मगर, जातिसँग वैवाहिक सम्बन्ध र वाहुन, क्षेत्री लगाएतका अन्य जातिसँग सामाजिक सम्बन्ध राखेको पाइन्छ । गुरुवा जुन वोटे जातिको पूजारी हुन्छ, उसैले वन देवीको पूजागरी जङ्गली जनावरबाट पशु र मानिसको जीवन रक्षाको लागि अन्य जातिहरू/समुदायहरूलाई सहयोग गरेको पाइन्छ । यसो गरे बापत गुरुवालाई प्रत्येक घरपरिवारबाट एक/एक पाथी अन्न उठाएर दिने चलन रहेको छ ।

- रोटी, आटो, माछा, मासु, कन्दमूल, जाँड, रक्सी वोटे जातिको खाद्यन्न रहेको देखिन्छ । चाडपर्व, सांस्कृतिक चालचलन, धर्म सबैमा जाँड रक्सी अनिवार्य छ । चन्डी पूर्णिमा वाहेक अन्य चाडपर्वहरू हिन्दुहरूको जस्तै पाइन्छ ।
- पुरुषले लगौटी, महिलाले मजेत्रो र यी दुवैले गादो भिर्ने चलन बाहेक अन्य भेषभूषामा अन्य जातिसँग मिलेको पाइन्छ ।
- सामान्यतया जन्म, छेवार, विवाहमा अन्य जातिको भन्दा केही फरक देखिन्छ, तर मृत्यृ सँस्कार वेग्लै किसिमको पाइन्छ । मृतशरीरलाई आँसुले नभई हाँसोले बिदा गर्नुपर्दछ । यस्तो नगरेको खण्डमा मृतशरीर प्रेत बनेर दुःख दिन्छ भन्ने मान्यता छ । मृत्यृ संस्कारमा लाशलाई गाड्ने चलन छ । यस संस्कारमा मनोरञ्जन गर्ने परम्परा रहेको छ ।
- यहाँका ४० जना वोटेहरू कृषिमा संलग्न छन् । तर उत्पादन बढी जग्गा (आठ कठ्ठा सम्म) हुनेहरूमा जम्मा वार्षिक चार मुरी अन्न, पाँच पाथी तोरी र पाँच पाथी गेडागुडी उत्पादन हुन्छ । त्यसैले आर्थिक अवस्था कमजोर देखिन्छ । बढीमा आठ कठ्ठा जग्गा हुनेहरूलाई छ महिना सम्म पनि खान पुग्दैन । कम हुनेहरूलाई झन कमी हुन्छ । परम्परागत पेसा विस्तारै विस्तारै सुस्ताएको छ । गैरपरम्परागत पेसा (ज्यालादारी, नोकरी, तुइन तार्ने) काममा यहाँका वोटेहरूको संलग्नता बढ्न गएको पाइन्छ ।
- परम्परागत पेसामा कृषि प्रमुख छ । दोस्रोमा पशुपालन रहेको छ । देवीदेवतालाई भाकल गर्ने र पुज्ने, विवाह, जन्म छैंटी, छेवार, मृत्यृ जस्ता संस्कारमा पशुपंक्षी अनिवार्य पर्दछ । यहाँको पशुपालनको अवस्थालाई हेर्दा गाई प्रायः सबैले पालेको देखिन्छ । त्यस्तै गरी गोरु, बाखा, सुंगुर, कुकुरा, पशुपंक्षी पालेको भेटिन्छ । संस्कार, आर्थिक, खाद्यान्नमा पशुपालन आवश्यक देखिएको पाइन्छ ।
- भेरी नदीमा पुल र तुइन निर्माणले वोटेहरूको परम्परा गत डुङ्गा चलाउने पेसा बन्द भएको देखिन्छ । पाँच घरपरिवारका वोटेहरूले तुइन तार्ने काममा जीवन र्निवाह गरेको पाइन्छ ।

## ७.३ सुझावहरू

आजको विश्वका हरेक चुनौतीहरूको सामना गर्न मानिसहरूलाई कठीन घडी आएको छ । यस प्रकारको स्थितिलाई सामना गर्न देशका समाजशास्त्री/मानवशास्त्री र यस विषयको अध्ययन गर्ने अन्य विद्वाहरूलाई सोचनिय विषय देखिन्छ । यस जातिको संरक्षण र उत्थान गर्न यिनीहरूको अवस्थामा सुधार गरी सामाजिक, आर्थिक अवस्थामा परिवर्तन गराई यिनीहरूको जर्गेना गर्नुपर्ने बेला आएको छ । यदी यो जातिको संस्कृतिलाई

अनुसन्धान गरी लेखवद्ध गरिएन भने भविष्यमा एउटा अलिखित इतिहासको रूपमा मात्र रहने छ । त्यसैले यो जातिको संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नु अति आवश्यक देखिन्छ । यो अध्ययन पछि यस्ता कामहरू गर्ने संकल्पका साथै सुझावहरू दिन सके मात्र यस अध्ययनको औचित्य भएको मान्न सकिन्छ ।

१. वोटे जाति आदिवासी, पिछडिएको, गरिबीले सताइएको तर मौलिक संस्कृतिमा धनी भएका हुनाले यसको जर्गेना गर्दै लैजान आवश्यक अध्ययन अनुसन्धान गर्न अति जरुरी देखिन्छ ।

२. शिक्षा प्राप्ती गराउने कार्यमा आवश्यक पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

३. केही अंशमा सरकारी सहयोग दिनुपर्ने र यसले मात्र प्रयाप्त नहुने र सम्भव पनि नहुने भएकाले वोटे जातिले आफै पनि आफ्नो उत्थानको लागि आफै पहल गर्नुपर्नेमा राय सल्लाह दिनु आवश्यक देखिन्छ ।

४. वोटे भाषाको अस्तित्व रहीरहोस् भन्नको लागि सही व्यवस्थाको पहिचान गरी कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

५. हाम्रो देशमा आफ्नै प्रकारका भौगोलिक वातावरण छ । भौगोलिक अपठ्याराहरू छन् । यसकारण जुन ठाउँ जस्तो प्रकारको वातावरणले उत्पादनमा सहयोग गर्दछ त्यस्तै प्रकारको शिक्षा प्रदान गर्नु आवश्यक देखिन्छ । यहाँका वोटेहरूलाई जालबुन्न, माछापालन गर्न, माछा मार्न, डुङ्गा बनाउन र चलाउने सीपको विकास गर्न सके आत्मनिर्भर गराउन सकिने देखिन्छ ।

६. अन्त्यमा वोटे जातिलाई यो कुराको पनि ज्ञान दिलाउन आवश्यक छ कि आफ्नो गाउँघरमा भएका स्थापित श्रोत साधनहरूलाई आफ्नै सीप र मेहनतबाट उचित प्रयोग गरी आफ्ना दैनिक आवश्यकता र समस्याहरूलाई सुल्झाउनका साथै बाहिरी क्षेत्रमा यी वस्तुहरूलाई बेच्न सकेमा आयको श्रोतपनि बढ्न जान्छ भन्ने चेतनाको महसुस गराउन आवश्यक देखिन्छ ।

## सन्दर्भसामग्री सूची


१. केन्द्रिततथ्याङ्कविभाग (२०५८), "स्टाटिष्टीकल पकेट बुक अफ नेपाल", काठमाडौं ।

२. ढकाल, टंकनाथ (२०६५), "एजुकेशनल स्टाटस अफवोटे कम्यूनिटि" केस स्टडी, चितवन ।

३. नेपाली, गोपालसिंह (१९६५) द नेवार, बम्बई, युनाइटेड एसिएनपब्लिकेशन ।

४. नेपालको अन्तरिम संविधान (२०६३), कानुनकिताबव्यवस्था समिति ।

५. नेपाली राजकीयप्रज्ञाप्रतिष्ठान (२०५०), "नेवाली वृहतशब्दकोष", काठमाडौं ।

६. पाण्डेय, मुधसुदन (२०६३), "नेपालकाजनजातिहरू", काठमाडौंः पैरबीप्रकाशन ।

७. पौडेल, एकनारायण (२०५६), "तनहुँकावोटे जातिको सा/सां/आअवस्था एक अध्ययन" समाजशास्त्र/मानवशास्त्र केन्द्रीयविभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुतशोधपत्र ।

८. वस्याल, खगेन्द्र (२०३८), "वोटेजातिः एक लघु परिचय", (मधुपर्क, वर्ष १३, अंक १२) काठमाडौं,गोरखापत्र संम्पादक ।

९. विष्ट, डोर बहादुर (२०५५), "सवैजातको फूलवारी", काठमाडौं : साझाप्रकाशन ( सातौं संस्करण) ।

१०. विष्ट, डोर बहादुर (१९७९), "पिपुलअफ नेपाल", काठमाडौंः रत्न पुस्तकभण्डार ।

११. शर्मा, जनकलाल (२०३९) "हाम्रो समाज एक अध्ययन"काठमाडौं,शाझाप्रकाशन।

१२. शर्मा, हिरामणी (२०४२), "वोटेभाषा एक अध्ययन", पर्वत : इन्दिरा पौड्याल ।

१३. शर्मा, देवीप्रसाद (२०५१), "नेपालको आधुनिकइतिहास (तेस्रो प्रकाशन), काठमाडौं : रत्नपुस्तकभण्डार, नेपाल ।

१४. सुब्बा, शुरज (१९८९), "वोटे द फेरीमेन अफतनहुँ"दमौलीतनहुँ, असोक नेपालकुमार लिम्बु र कुमार बहादुर राई ।

१५. श्री ५ को सरकार सञ्चार मन्त्रालय (२०३१), "मेचीदेखि महाकाली सम्मभाग-४" काठमाडौं, सूचनाविभाग ।

१६. ज्ञवाली, चन्दकान्त (२०५३), "वोटे जातिको सामाजिकजीवन र रितीरिवाज" समाजशास्त्र/मानवशास्त्र केन्द्रीयविभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुतशोधपत्र ।


## फोटो सूची



वोटे भेषभूषामास्थानियवोटे दम्पत्ति साथमाशोधकर्ता



माछामार्ने जालबुन्दै गरेकावोटे जातिहरू।



तुइनतारदै वोटे जातिकायुवकहरू।

# प्रश्नावली

## (प्रत्येक घरमूलीकालागि)

१. घरसंख्या : — अञ्चल :

२. घरमुलीको नाम, थर — जिल्लाः

३. उमेर : — गा.वि.स. :

४. लिङ्गम/पुः — वडा नं. :

५. (क) धर्म — टोल :

(ख) पेशा

६ परिवारको प्रकार

एकात्मक ☐ संयुक्त ☐ वृहत ☐

७ घरपरिवार सदस्यकालागि

| क.नं. | नाम | लिङ्ग | | घर मूलिसंगको सम्बन्ध | उमेर | शिक्षा | वैवाहिक स्थिति | | पेशा मुख्य/सहायक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | | | | वि | अ | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |

८. जमिनको आकार :

| क.नं. | जमिनको प्रकार | जग्गाको क्षेत्रफल | आफ्नो स्वामित्व | मोहीयानी | ऐलानी |
|---|---|---|---|---|---|
| १ | पाखो | | | | |
| २ | खेत | | | | |
| ३ | अन्य | | | | |

९ मूख्यवालीहरू/उत्पादन समेत/मुरीमा :

| क.नं. | मूख्यवाली र उत्पादन | | | | | |
|---|---|---|---|---|---|---|
| | वर्षे | उत्पादन | हिउदे | उत्पादन | नगदे | उत्पादन |
| | | | | | | |

१० तपाईको जातिय पेशा के हो ? र सहायह पेशा के हो ?

११. तपाईआफ्नो पेशाबाटमासिककतिजतिकमाउनु हुन्छ ।

१२. तपाईले पशु/पक्षीपाल्नु भएको छ ?यदि छ भने यसबाटवार्षिक आम्दानीकतिजतिहुन्छ?

क) १000- ५000 ख) ५000-१0000

ग) १0000-१५000 घ) १५000 भन्दामाथि

१३. परिवारले के के कार्यगर्छन ?

१४. तपाईको घरमाजागिरे महिलाछन् ?

क) छन् ? ख) छैनन् ?यदिभएकुनपदमाकहाँकामगर्छन् ?

१५. तपाईको आफ्नो शुरु बासस्थानयहीहो वाअन्यकहिबाटकहिले बसाई सर्नु भयो ?

१६. तपाईको थर, गोत्र के होला?

१७. तपाईलाई आफ्नो जातीको सम्बन्धीकिवदन्ती केहीथाहभएबताइदिनु हुन्छकि?

१८ तपाईको धर्म के हो र यो धर्म कहिले देखि मान्दै आउनु भयो ?

१९. ईश्वर प्रतिविस्वास छ कि छैन ?किन?

२०. रोगको उपचार गराउनकहाँजानुहुन्छ?

क) अस्पताल ख) धामीझाँक्री ग) अन्य

२१ तपाइको कुल देवताको हुन? र कुलपूजाकहिले गर्नुहुन्छ? या गर्नु हुँदैन ?

२२. परिवार नियोजनको साधानप्रयोग गर्नुहुन्छ?

क) छ ख) छैनयदि छ भने कसले के साधनप्रयोग गर्नुहुन्छ ।

२३. घरमाचर्पी छ/छैन ।

२४. तपाईनित्यपूजागर्नु हुन्छवाहुँदैन ?हुन्छभने कस्को कहाँगर्नु हुन्छ?

२५. तपाईविशेष पूजागर्नु हुन्छ या हुँदैन यदि गरे कस्को र कहाँ?

| क.नं. | कसको | | | स्थान | | |
|---|---|---|---|---|---|---|
| | कुलपूजा | नित्यपूजा | विशेषपूजा | सामूहिक | एक्लै | कैफिपत |
| | | | | | | |
| | | | | | | |

२६. तपाईको वर्ष भरीमाकतिचाडपर्व मनाउनु हुन्छ?मूख्यचाडपर्व के-के हुन् ?

२७. तपाईको जातिमा के-के संस्कार गरिन्छन् ?उक्त संस्कार विधिप्रष्टपारीदिनु हुन्छकि?

२८. तपाईको जातीमाभएको विवाहप्रक्रियावारेमाप्रष्टपारीदिनु हुन्छकि?

२९. बच्चाको नामाकरण, पास्नी कसरी गर्नुहुन्छ?

३०. कसैको मृत्युभएको के गर्नु हुन्छ?

क) गाड्ने [ ] ख) पोल्ने [ ] ग) बगाइदिने [ ] घ) अन्यकुनै भए [ ]

३१. मृत्यु संस्कार के-कसरी गर्नु हुन्छहोला?

३२. तपाईको अरु जातिसंग कस्तो सम्बन्ध छ ? अरु जाती संग तपाईको झगडाभएको छ या छैन ?

३३. झगडा परेमा कस्ले कसरी मिलाउछ?

३४. तपाईको मुख्य-खाना र पहिरन के-के हुन् ?

३५. स्थानिय, क्षेत्रिय, राष्ट्रिय, चुनावमावादलगतउम्मेदवार हुनु भएको छ ?

क) छ ख) छैन

३६. भएकुनपदमाचुनावमाभागलिनुभएको छ ?

३७. प्रान्तिय सरकार हुनुपर्छ जस्तो लाग्छ?

क) लाग्छ ख) लाग्दैन

३८ तपाईलाई आफ्नो सामाजिकतथाआर्थिक जीवनको वारेमा अरु केही कुरा भन्नबाँकी छ ?

३९. नेपाल सरकारले तपाईहरूको आर्थिक तथा सामाजिक परम्परा, रितिरिवाजजोगाईराख्न के गर्नु पर्ला ?

४०. अन्त्यमा केही सुझावहरू :

# अन्तर्वार्ता चेकलिष्ट

(वोटेजातिको वयावृद्ध, शिक्षक, महिला स्वयंसेवक, स्थानियनिकायकाप्रतिनिधितथा स्थानियवुद्धिजीवीहरूमालिइएको अन्तरवार्ता चेकलिष्ट)

१. वोटे जाति लेखफर्सा गा.वि.स. माकहिले देखि बस्दै आएकाहुन् ?
२. वोटे जातिको उत्पति कसरी हुनगएको हो ?
३. वोटे जातिको किवंदन्ती केहीथाहा छ ?
४. वोटे जातिले कुनकुन पेशाअपनाइरहेकाछन् ।
५. बढीमात्रमा संलग्नताभएको पेशाकुनहो ?
६. वोटे जाति र अन्यजातिसँगको सम्बन्ध कस्तो रहेको छ ?
७. वोटे जातिको आफ्नो समकक्षीकुनजातिलाई मान्दछन् ?
८. अन्यजातिहरूको सांस्कृतिक, राजनैतिक, आर्थिक र धार्मिक कुराहरूले यिनीहरूको जीवनस्तरमाप्रभावपारेको छ कि छैन ? छ भने किन? छैन भने किन?
९. वोटे जातिको शिक्षामाखासै परिवर्तन नहुनुको कारण के हो ?
१०. वोटे जातिहरूको जीवनस्तर उठाउन के गर्नुपर्ला ?
११. वोटे जातिहरूको संस्कार, संस्कृति, भाषाबचाइ राख्न के गर्नुपर्ला ?
१२. स्थानिय स्तरमावोटेजातिहरूको जर्गेनाको लागि राजनैतिकपार्टीहरूकाकुनै कार्यक्रमहरू सञ्चालनभएकाछन् ?
१३. गा.वि.स. र जि.वि.स. बाटवोटेजातिलाई सहयोग भएको छ ?
१४. वोटे समुदायमा गैर सरकारी संस्थाहरूले केहीकामहरू गरेकाछन् ?
१५. वोटेहरूको पहिले र अहिलेको संस्कृतिमाभिन्नता केहीपाउनु भएको छ ?
१६. वोटेजातिहरूको सर्वाङ्गिणविकासको लागि क-कसले के कुरमामद्दतगर्नुपर्छ जस्तो लाग्छ ।

## धन्यवाद